**श्रम बजारको सुदृढीकरण, उत्पादनमूलक रोजगारीको वृद्धि : बागमती प्रदेशको समृद्धि**

# पाँच वर्षे रणनीतिक योजना

# (२०८२।०८३-२०८६।०८७)

**(मस्यौदा)**


बागमती प्रदेश सरकार

**श्रम, रोजगार तथा यातायात मन्त्रालय**

हेटौडा, नेपाल

# विषयसूची

**परिच्छेद-१**

**परिचय**


१.१ पृष्ठभूमी

१.१.१ मन्त्रालयको कार्यक्षेत्र

१.१.२ नीतिगत तथा कानूनी व्यवस्था

१.१.३ बागमती प्रदेशमा श्रम तथा रोजगारको वर्तमान अवस्था

१.१.४ अवसर तथा चुनौतिहरु

१.२ सम्बोधन गर्नुपर्ने विषयहरु

१.३ रणनीतिक योजनाको आवश्यकता तथा औचित्य


**परिच्छेद-२**

**सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता**


२.१ दीर्घकालीन सोच

२.२ लक्ष्य

२.३ उद्देश्य

२.४ प्राथमिकता

२.५ मूल्य


**परिच्छेद-३**

**रणनीतिक योजना**


३.१ रणनीतिक स्तम्भ

३.२ रणनीति तथा कार्यनीति

३.३ समन्वय तथा सहकार्य

३.४ स्रोत व्यवस्थापन

३.५ अनुगमन तथा मूल्यांकन

३.६ सम्भाव्य जोखिमको पहिचान

**<u>अनुसूचीहरु</u>**

अनुसूची-१ : योजना कार्यान्वयन कार्ययोजना

अनुसूची-२ : नतिजा खाका तथा विषयक्षेत्रगत सूचक

परिच्छेद-१

# परिचय

## १.१ पृष्ठभूमी

मर्यादित मानव जीवनयापन र उत्पादका साधन परिचालन गर्ने जीवन्त आधार नै श्रम हो । राष्ट्रको समृद्धिको निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि श्रम तथा रोजगारीको भूमिका सर्वाधिक महत्वपूर्ण हुन्छ । यस तथ्यलाई आत्मसात् गर्दै नेपालको संविधानले रोजगारीलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले प्रत्याभूत गरेको मौलिक हकको कार्यान्वयन गर्न, दिगो विकास लक्ष्य हासिल गर्न, उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुन र आर्थिक तथा सामाजिक दृष्टिबाट समृद्ध बागमती प्रदेश निर्माण गर्नका लागि श्रम तथा रोजगार क्षेत्रको अग्रणी भूमिका रहन्छ । सामाजिक न्याय तथा परिस्कृत जीवनसहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको आधार निर्माणका लागि सबैलाई मर्यादित तथा उत्पादनमूलक रोजगारी प्रत्याभूत गर्न सक्नुपर्दछ । नागरिकको जीवनमास्तरमा गुणात्मक सुधारले मात्र राज्यको पुनसंरचना तथा लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा योगदान पुर्याउनेछ । रोजगारी जीविकोपार्जनको आधार मात्र नभई सामाजिक प्रतिष्ठा र आत्मसम्मानको विषय पनि हो । गरिबी निवारण र रोजगारीबीच प्रत्येक्ष सम्बन्ध रहने हुँदा प्रतिस्पर्धी मानव संसाधनको विकास एवं आर्थिक क्रियाकलापको अभिवृद्धितर्फ ध्यान केन्द्रित गरिनु पर्दछ । रोजगारी, स्वरोजगारी, उद्यमशीलता र असल श्रम सम्बन्धले प्रदेशमा उत्पादनमूलक उद्योग, व्यापार व्यवसाय र सेवा क्षेत्रको विस्तार तथा आधुनिकीकरणमा उल्लेख्य योगदान पुग्ने र यसको गुणक प्रभावले पुनः आर्थिक क्रियाकलाप विस्तार हुन गई समग्र आर्थिक परिसूचकमा सकारात्मक नतिजा हासिल गर्न मद्दत पुग्नेछ ।

रोजगारी सिर्जना अन्तरसम्बन्धित विषय भएकाले सबै सरोकारवाला पक्षको संलग्नता, सक्रियता र समन्वय विना यो सम्भव छैन । नेपालको संविधानको धारा ३३ मा रोजगारी र धारा ३४ मा श्रमलाई मौलिक हकका रुपमा राखिएको छ भने धारा ५१ (झ) ले राज्का निर्देशक सिद्धान्त तथा नीतिमार्फत् श्रम र रोजगारीका क्षेत्रमा गर्नु पर्ने सुधारबारे प्रष्ट दिशानिर्देश गरेको छ । "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन राष्ट्रिय सोच हासिल गर्ने आधार निर्माण गर्नका लागि श्रम क्षेत्रमा सुधार र गुणस्तरीय रोजगारीका अवसरमा वृद्धि गर्नु आवश्यक छ । दिगो विकास लक्ष्यले सबैका लागि गुणस्तरीय रोजगारीको परिकल्पना गरेको छ भने नेपाल सरकारले दिगो विकास लष्यलाई समग्र विकास प्रक्रियामा आन्तरीकीकरण गरी काम गर्दै आएको छ । संविधानले राज्यको पुनसंरचना गरी प्रदेश सरकारलाई सुम्पेका जिम्मेवारी पूरा गर्न प्रदेश सरकारले दोस्रो आवधिक योजानको दीर्घकालीन सोच **"बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धी र समतामूलक समाज"** पूरा गर्नका लागि श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापन अत्यावश्यक

छ । बागमती प्रदेशले देशको कूल जनसंख्याको २१ प्रतिशत अंश ओगटे तापनि संघीय राजधानी तथा देशका ठूला सहरहरुसमेत यसै प्रदेशमा पर्ने हुँदा स्वदेश तथा विदेशबाट समेत रोजगारी तथा आर्थिक अवसरको खोजीमा यस प्रदेशमा आउने कारण बेरोजगार युवा तथा उद्यमीको संख्या उच्च रहेको देखिन्छ । पर्याप्त रोजगारको अवसरको अभावमा यस प्रदेशबाट वैदेशिक रोजगारमा जानेको संख्या समेत उल्लेखनीय रुपमा रहेको छ । वैदेशिक रोजगारको वर्तमान अवस्थालाई व्यवस्थित गर्दै यसको बाध्यात्मक वैदेशिक रोजगारीलाई अन्त्य गर्नका लागि श्रम क्षेत्रमा सुधार गरी काम गर्ने उमेरका सबैलाई रोजगारको सुनिश्चितता गरिनु पर्दछ । सामाजिक न्याय सहितको समृद्ध बागमती प्रदेशको परिकलप्ना साकार पार्न आवश्यक उच्च आर्थिक वृद्धि र सन्तुलित तथा दिगो विकास लक्ष्य हासिल गर्न प्रदेशका समग्र क्षेत्रगत नीतिहरुको छाता नीतिका रुपमा श्रम तथा रोजगार नीतिको अपरिहार्यता देखिएको छ ।

### १.१.१ मन्त्रालयको कार्यक्षेत्र

बागमती प्रदेश सरकार कार्य विभाजन नियमावली, २०८० अनुसार यस मन्त्रालयको श्रम तथा रोजगारसँग सम्बन्धित कार्य जिम्मेवारी देहाय बमोजिम रहेको छः

- श्रम तथा रोजगार प्रवर्द्धनसम्न्धी प्रादेशिक नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन एवं स्थानीय सरकारसँग समन्वय,
- श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन,
- श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,
- रोजगार प्रवर्द्धनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण,
- कार्यस्थल सुरक्षा, कलकारखाना निरीक्षण तथा नियमन ।

### १.१.२ संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था

नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा तीनवटै तहका सरकारका अधिकारको सूची छ । मन्त्रालयको अधिकारमध्ये सामाजिक सुरक्षालाई संघको एकल अधिकार, संघ र प्रदेशको साझा अधिकार साथै संघ र स्थानीय तहको साझा अधिकारको सूचीमा राखिएको छ । रोजगारी र बेरोजगारको सहायता, औद्योगिक विवाद समाधान, ट्रेड युनियन, श्रमिकको हक अधिकार विवाद सम्बन्धी कार्य संघ र प्रदेशको साझा अधिकार रहेका छन् । वैदेशिक रोजगारी सम्बन्धमा संविधानमा स्पष्ट व्यवस्था देखिदैन । भिषा, अध्यागमन, कुटनीतिक सम्बन्ध, अन्तर्राष्ट्रिय सम्बन्ध

जस्ता विषयहरु संघको अधिकार क्षेत्रमा पर्ने भएकोले वैदेशिक रोजगारी सम्बन्धी विषयमा संघीय सरकारले काम गर्दै आएको छ ।

संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख छ । धारा ३४ मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको साथै कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हकको संवैधानिक व्यवस्था गरिएको छ । त्यसैगरी नेपालको संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।

संविधानको धारा ५१(झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिमा राज्यले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणाअनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति रहेको छ । त्यसैगरी, श्रमिक, उद्यमी र व्यवसायीबीच असल सम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने, वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ । यस्तैगरी नेपालको संविधानको धारा ५१(ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राज्यले असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

श्रम तथा रोजगारको सम्बन्धमा नेपालमा हाल विद्यमान नीतिगत तथा कानुनी व्यवस्था देहाय बमोजिम रहेका छन् :

- नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाउदै सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित र सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशील बनाउँदै गरिवी निवरणमा योगदान गर्ने दुरदृष्टि सहित राष्ट्रिय रोजगार नीति, २०७१ कार्यान्वयनमा रहेको छ । श्रमिकको सुरक्षा, स्वास्थ्य र कार्यवातावरणमा सुधार गर्ने, कार्यस्थलमा व्यवसायजन्य स्रक्षा र स्वास्थ्य सम्बन्धी जोखिम न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय व्वसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

नेपालको श्रम बजारमा उपलब्ध जनशक्तिलाई अन्तर्रराष्ट्रिय श्रम बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै वैदेशिक रोजगारीमा नेपाली नागरिको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयनमा रहेको छ ।

- प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा वेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न रोजगारीको हक सम्बन्धी ऐन र नियमावली, २०७५ तर्जुमा भई कार्यान्वयनमा रहेको छ ।
- आन्तरिक श्रम प्रशासनलाई व्यवस्थित बनाई सबै किसिमका विभेदको अन्त्य गर्दै असल औद्योगिक श्रम सम्बन्ध स्थापित गर्न वोनस ऐन र नियमावली २०३९, ट्रेड युनियन ऐन २०४९ र नियमावली २०५०, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ र नियमावली २०६२, श्रम ऐन, २०७४ र नियमावली, २०७५ कार्यान्वयनमा छन् ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली २०६४, वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ कार्यान्वयनमा छन् ।
- संविधानमा मौलिक हकको रुपमा स्थापित श्रमको हक अन्तर्गत रहेको योगदानमा आधारित सामाजिक सुरक्षालाई प्रत्याभूत गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र नियमावली, २०७५ कार्यान्वयनमा रहेका छन् ।
- संघीय सरकारको सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५ का साथै बागमती प्रदेश सरकारको सुशासन ऐन, २०७७ ले सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही, जनमूखी, समावेशी र जनसहभागितामूलक बनाउने सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ ।
- सोह्रौं योजना (आ.ब. २०८१।८२-२०८५।८६) ले आन्तरिक रोजगारीको पर्याप्त अवसर सिर्जना गर्ने, जनसांख्यिक लाभको अधिकतम उपयोग गर्ने, प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमलाई प्रभावकारी बनाउने, वैदेशिक रोजगारीका सबै चरणलाई व्यवस्थित बनाउने, श्रम व्यवस्थापनमा सुधार गर्ने, सामाजिक सुरक्षालाई प्रभावकारी बनाउने, विदेशमा श्रम गरी फर्केका कामदारहरुको सीप, अनुभव, ज्ञान र पूँजीलाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्ने, आप्रवासी कामदारको व्यवस्थापन गर्ने रुपान्तरणकारी रणनीतिको रुपमा अँगिकार गरेको छ ।
- बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना (आ.ब. २०८१।८२-२०८५।८६) ले श्रमको सम्मान र आकर्षक रोजगार : सामाजिक न्यायको आधार भन्ने सोचका साथ श्रमिकको अधिकार रक्षा र रोजगारी बृद्धी गर्ने लक्ष्य लिएको छ । यस योजनाले श्रमिकको माग र आपूर्ति बीच समन्वय स्थापना गर्ने, असल श्रम सम्बन्धको विकास गर्ने, श्रमिकहरुलाई सामाजिक सुरक्षामा आबद्ध गर्ने र रोजगारीलाई सम्मानित, सुरक्षित र व्यवस्थित बनाउने उद्देश्यका साथ महत्वपूर्ण रणनीति र कार्यनीतिहरु अँगिकार गरेको छ ।

- नेपाल सरकार र बागमती प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य, दिगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय श्रम संगठनका अभिसन्धी लगायतका अन्य अतरर्राष्ट्रिय व्यवस्थाहरु समेत श्रम, रोजगारी तथा योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धमा मार्गदर्शक सिद्धान्तको रुपमा रहेका छन् ।

### १.१.३ बागमती प्रदेशमा श्रम तथा रोजगारको विद्यमान अवस्था

नेपालमा प्रत्येक वर्ष ५ लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन् । आन्तरिक श्रम बजारमा रोजगारीको अवसरको पर्याप्तता हुन नसक्दा दैनिक ठूलो संख्यामा युवा विदेशिने गरेको छ । विप्रेषण आय कूल ग्रार्हस्थ्य उत्पादनको अनुपातमा एक चौथाई भन्दा बढी रहेको छ । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार आ.ब. २०७९।८० मा जम्मा ७,७१,३३१ जना नेपाली नागरिक श्रम स्वीकृति (पुनः श्रम स्वीकृति समेत) लिई वैदेशिक रोजगारीमा गएको देखिन्छ जसमध्ये बागमती प्रदेशबाट जानेहरु १५.२ प्रतिशत रहेका थिए । यस्तै आ.ब. २०८०।८१ मा उक्त संख्या ७,४१,२९७ मध्ये बागमती प्रदेशको हिस्सा १६.३३ प्रतिशत रहेको छ । बागमती प्रदेशबाट वैदेशिक रोजगारीमा गएका मध्ये सबैभन्दा बढी चितवन जिल्लाबाट (१३.५ प्रतिशत), त्यसपछि मकवानपुर (११.२ प्रतिशत), धादिङ (१०.७ प्रतिशत), सिन्धुपाल्चोक (१०.३ प्रतिशत), काभ्रेपलाञ्चोक (१०.२ प्रतिशत) र बाँकी अन्य जिल्लाबाट रहेका छन् । बागमती प्रदेशबाट वैदेशिक रोजगारीमा जानेमध्ये महिला २२.४ प्रतिशत रहेका छन् भने सबैभन्दा बढी महिला वैदेशिक रोजगारीमा जाने जिल्लाहरुमा सिन्धुपाल्चोक, मकवानपुर र काभ्रेपलाञ्चोक रहेका छन् ।[1] नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९।०८०) अनुसार देशभरका घरपरिवारमध्ये ७६.८ प्रतिशतले नियमित विप्रेषण प्राप्त गरेको देखिन्छ र यस्ता घरपरिवारले औषतमा १,४५,०९२ रुपैयाँ प्राप्त गरेको देखिन्छ । अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सीपमूलक तालिमको पाठ्यक्रम तथा प्रशिक्षणको उचित व्यवस्था हुन नसक्दा वैदेशिक रोजगारीमा जाने मध्ये अदक्ष कामदारको संख्या बढी रहेको छ ।

तेस्रो नेपाल श्रम शक्ति सर्वेक्षण (२०७४।७५) को प्रतिवेदन अनुसार, नेपालको जनसंख्याको बनौटमा उत्पादनशील उमेर (१५-६४) समूहको जनसंख्या ७१.५ प्रतिशत रहेको छ । बेरोजगारी दर ११.४ प्रतिशत (१०.३% पुरुष, १३.१% महिला) रहेको छ । श्रम शक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र श्रम शक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ । त्यसैगरी, ५-१७ वर्ष उमेर समूहको जनसंख्या करीव ७० लाख रहेको छ, जसमध्ये २९ प्रतिशत श्रमिक बालबालिका रहेका छन् । ५-१३ वर्ष उमेर समूहका लगभग ११ लाख बालबालिकाहरु बालश्रममा संलग्न रहेका छन् । यसमा करिव २ लाख बालबालिका जोखिमपूर्ण काममा संलग्न रहेका छन् । प्रतिवेदन अनुसार नेपालमा बालश्रमको समग्र प्रवृत्ति घट्दो क्रममा रहेको देखाउँछ (नेपाल श्रमिक सर्वेक्षण १९९८ मा २६ लाख, २००८ मा १६ लाख र २०१८

[1] बागमती प्रदेश सरकार, दोस्रो आवधिक योजना

मा ११ लाख शहरी क्षेत्रको (१२.१ प्रतिशत) को तुलनामा ग्रामीण क्षेत्रमा (२४.४ प्रतिशत) बालश्रमिकको संख्या बढि देखिएको छ । बालश्रम निवारणका लागि नेपाल सरकारल बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ लागू गरी बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने कार्यलाई जोड दिएको छ । श्रमशक्ति सर्वेक्षणको तथ्यांक हेर्ने हो भने करिब १५ प्रतिशत श्रमिक मात्र सामाजिक सुरक्षामा समावेश भएका छन् । योगदानमा आधारित सामाजिक सुरक्षाको विषयलाई व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोषको व्यवस्था गरिएको छ ।

बागमती प्रदेश नेपालको सामाजिक, आर्थिक विकासको सूचकहरुका आधारमा हेर्दा सबैभन्दा माथिल्लो तहमा छ । नेपालको राजधानी यसै प्रदेशमा रहनु, देशको कूल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान ३६.४ प्रतिशत रहनु, देशका एक तिहाइ उद्योग प्रतिष्ठान रहनु आदिले मुलुकको अर्थतन्त्रमा यस प्रदेशको भूमिका झल्कन्छ ।[2] मुलुकमा विद्यमान ९,२३,३५६ प्रतिष्ठानमध्ये २,८२,९२० प्रतिष्ठान यस प्रदेशमा छन् जहाँ १२,१८,४९७ जनाले रोजगारी पाएका छन् ।[3] देशको कूल औपचारिक रोजगारी (२६ लाख ७५ हजार) मा बागमती प्रदेशको हिस्सा ३८.३९ प्रतिशत र अनौपचारिक रोजगारी (४४ लाख ११ हजार) मा २४.९८ प्रतिशत रहेको छ । श्रमशक्ति सर्वेक्षण, २०७५ अनुसार मुलुकको कूल बेरोजगार (९ लाख ८ हजार) मध्ये १७.७ प्रतिशत बागमती प्रदेशका छन् ।[4] मुलुकको समग्र विकासमा यस प्रदेशको महत्वपूर्ण भूमिका रहने तथ्यलाई आत्मसात् गर्दै प्रदेश सरकारले दोस्रो आवधिक योजना कार्यान्वयनमा ल्याएको छ । यस आवधिक योजनाले ६.४ प्रतिशतको औषत आर्थिक वृद्धिदर हासिल गरी १२.६ प्रतिशत रहेको निरपेक्ष गरिबी ७.६ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ।[5] यस योजनाले बेरोजगारी दर ४ प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेको छ ।

### १.१.४ अवसर तथा चुनौतिहरु

**(क) अवसरहरु**

- हाम्रो मुलुक अहिले जनसांख्यिक लाभ (Demographic Dividend) को अवस्थामा रहेको हुनाले यसको अधिकतम उपयोग गरी अर्थव्यवस्थालाई सुदृढ र समृद्ध बनाउने,
- संघ, प्रदेश तथा स्थानीय तहको साझेदारीमा देशभित्र पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्दै बाध्यात्मक रुपमा बैदेशिक रोजगारीमा जानुपर्ने अवस्थालाई क्रमशः न्यूनीकरण गर्ने वातावरण सिर्जना भएको,
- वैदेशिक रोजगारीमा गएका र वैदेशिक रोजगारीबाट फर्किएका मानिसहरुको संख्या, प्राप्त विप्रेषणको अवस्था, वैदेशिक रोजगारीको सामाजिक लागत लगायतका विषयहरुको

---

[2] दिगो विकासका लक्ष्यहरुः बागमती प्रदेशको अवस्था तथा मार्गचित्र

[3] राष्ट्रिय आर्थिक गणना, २०७५

[4] दोस्रो आवधिक योजना (२०८१।८२-२०८६।८७), बागमती प्रदेश सरकार

[5] दोस्रो आवधिक योजना (२०८१।८२-२०८६।८७) बागमती प्रदेश

खण्डीकृत तथ्याङ्क सहितको वैदेशिक रोजगारी सम्बन्धी प्रोफाईल तयार गर्न स्थानीय तहको जनतासँगको सन्निकटताको अधिकतम लाभ लिन सक्ने अवस्थाको सिर्जना भएको,

- नागरिकहरुको जीवनस्तरमा सुधार गर्ने सन्दर्भमा शैक्षिक बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई पुनरएकीकरण कार्यक्रम मार्फत् देशभित्र उद्यमशीलताको विकास, उत्पातकत्वमा अभिवृद्धी मार्फत् स्थानीयस्तरमा रोजगारीको अवसरहरु श्रृजना गर्ने,
- अनौपचारिक क्षेत्रको श्रमलाई क्रमशः औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै श्रमिकको लगत अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षाको हकको प्रत्याभूति गर्न आवधिक योजना र सरकारको नीति तथा कार्यक्रममा विशेष जोड दिएको अवस्था विद्यमान रहेको,
- सरकार, रोजगारदाता र श्रमिकबीचको त्रिपक्षीय सम्झौता, समन्वय र सहकार्य मार्फत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउँदै देशभित्र स्थापित उद्योग प्रतिष्ठानमा कार्यरत सम्पूर्ण श्रमिकहरुलाई सामाजिक सुरक्षामा आबद्ध गर्न सामाजिक सुरक्षा कोषको स्थापना भइ सञ्चालनमा रहेको साथै सामाजिक सुरक्षाको विषयमा श्रमिक तथा रोजगारदातामा समेत सचेतना बढ्दै गएको,
- न्यूनतम् पारिश्रमिकको कानुनी व्यवस्था र रोजगार सेवा केन्द्रको स्थानीय तहसम्म विस्तार भएको परिवेशमा देशभित्रको श्रम बजारमा भएका सबैखाले शोषण र विभेदको अन्त्य गर्दै असल औद्योगिक सम्बन्ध कायम गर्न तीन तहका सरकारहरु बीच उचित सहकार्य गर्ने र तीनवटै तहका सरकारहरुको स्वामित्व ग्रहणशीलतालाई समान रुपमा विकास गर्ने,

**(ख) चुनौतिहरु**

- श्रम तथा रोजगारीको हकको पूर्णरुपमा कार्यान्वयन गर्नु, रोजगारी सिर्जनामा अन्तरनिकाय समन्वय सुदृढ बनाउनु,
- श्रमको सम्मान गर्ने संस्कारको विकास गरी स्वदेशमा नै रोजगारी तथा स्वरोजगारी अभिवृद्धी गर्नु,
- उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्दै रोजगारीको तथ्यांकलाई व्यवस्थित गर्ने एकीकृत संयन्त्रको निर्माण गर्नु,
- असल श्रम सम्बन्धको विकास गर्नु, श्रम अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाई दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी बनाउनु, श्रमको उत्पादकत्व वृद्धी मार्फत् आर्थिक विकासका सम्भावनाहरुलाई फराकिलो बनाउनु,
- अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्नु, श्रम बजारको माग अनुरुप सीपयुक्त श्रम शक्तिको उत्पादन गर्न आवश्यक संस्थागत क्षमताको विकास गर्नु,
- वैदेशिक रोजगारीको सामाजिक लागत न्यून गर्नु, वैदेशिक रोजगारीबाट प्राप्त पुँजी, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु,

- श्रम तथा रोजगार प्रशासनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,
- लघु तथा साना उद्योगको प्रवर्द्धन गर्नु, युवाहरुमा उद्यमशीलताको विकास गर्नु र उद्यममैत्री पूर्वाधारको विकास गर्नु,
- निजी क्षेत्रलांई लगानीका साथै प्रत्येक्ष वैदेशिक लगानी आकर्षित गर्नु,
- कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु, परम्परागत सीप एवं प्रविधिको स्तरोन्नति गर्नु,
- वित्तीय स्रोत साधनको उपलब्धतालाई सरल, सुलभ र पहुँचयोग्य बनाउनु, नवप्रवर्तन कोष जस्ता युवा लक्षित सिर्जनशिल कार्यक्रमहरुको प्रभावकारिता वृद्धि गर्नु,
- अन्य प्रदेशबाट रोजगारीको खोजीमा यस प्रदेशमा आउने श्रमिकको भार व्यवस्थापन गर्नु, विदेशी श्रमिकको नियमन तथा उपयोग योजना कार्यान्वयन गर्नु, आदि ।

## १.२ सम्बोधन गर्नुपर्ने विषयहरु

- उद्यमशीलता र रोजगारीका अवसरको सिर्जना मार्फत आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुसारको सीपयुक्त जनशक्तिको आपूर्तिमा तादाम्यता र सीप परीक्षणको व्यवस्था गर्ने,
- सुरक्षित, मर्यादित, व्यवस्थित र तुलनात्मक लाभयुक्त वैदेशिक रोजगारीको प्रवर्द्धन गर्ने,
- वैदेशिक रोजगारीको क्रममा मृत्यु, अंगभंग, गम्भीर विरामी भएका कामदार तथा निजहरुको परिवारलाई प्रदान गरिने राहत तथा आर्थिक सहायतामा प्रभावकारीता तथा उद्दारमा शिघ्रता गर्ने,
- श्रम कानूनको परिपालना र असल औद्योगिक श्रम सम्बन्धको प्रवर्द्धन गर्ने,
- श्रमिकहरुलाई व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूति गर्ने,
- आकर्षक र प्रतिफलयुक्त योगदानमा आधारित सामाजिक सुरक्षा योजना, यसको दिगोपना र दायरा विस्तार गर्ने,
- सेवा प्रवाहमा सुशासन, पारदर्शिता र जवाफदहीता वहन मार्फत् जनमुखी सेवा प्रवाह गर्ने,
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग तथा दिगोपना सुनिश्चित गर्ने ।

## १.३ रणनीतिक योजनाको आवश्यकता तथा औचित्य

- प्रदेश श्रम तथा रोजगार नीति, २०८० कार्यान्वयन गर्न,
- देशभित्र मर्यादित रोजगारीको लागि उद्यमशीलताको विकास र आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न,

- सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार, असल औद्योगिक श्रम सम्बन्ध, श्रम र सीपको माग र आपूर्तिमा तादाम्यता, योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार जस्ता कार्यमा वस्तुनिष्ठ सूचक र समयसीमा सहितको सुस्पष्ट मार्गचित्र तयार गर्न,
- श्रम र वैदेशिक रोजगार सम्बन्धी सेवालाई जवाफदेही, पारदर्शी, सदाचार, जनमुखी, सूचना प्रविधिमैत्री, नतिजाउन्मुख र व्यवसायिक बनाई सुशासन प्रवर्द्धन गर्न,
- तीनै तहका सरकारबीच समन्वय, सहकार्य एवं सहयोगका क्षेत्रहरुको पहिचान गरी अन्तर सरकारी सम्बन्धलाई प्रभावकारी तुल्याउने रणनीति तथा कार्यनीति तय गर्न,
- मन्त्रालयसँग सम्बन्धित कार्यक्षेत्र रहेका संघीय सरकारको निकाय र स्थानीय तहहरुसँग प्रशासनिक समन्वय र नीतिगत मार्गदर्शन प्रदान गर्न ।

## परिच्छेद-२

# सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता

### २.१ दीर्घकालीन सोच

श्रम बजारको सुदृढीकरण र उत्पादनमूलक रोजगारीको वृद्धि सहितको बागमती प्रदेशको समृद्धि ।

### २.२ लक्ष्य

प्रतिस्पर्धी जनशक्ति विकास तथा उत्पादनमूलक क्रियाकलापका लागि अनुकूल वातावरणको सिर्जना गरी सबैलाई गुणस्तरीय रोजगार एवं स्वरोजगारका अवसर प्राप्त हुने ।

### २.३ उद्देश्य

(१) गुणस्तरीय र उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गर्ने ।

(२) दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन गर्ने ।

(३) श्रमिकको अधिकारको रक्षा तथा श्रम प्रशासनको सुदृढीकरण गर्ने ।

(४) श्रम बजारको विकास एवं रोजगारमूलक क्षेत्रमा लगानी प्रोत्साहित गर्ने ।

(५) वैदेशिक रोजगारलाई सुव्यवस्थित गर्न सहकार्य अभिवृद्धि गर्ने ।

### २.४ प्राथमिकता

- गुणस्तरीय र उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गर्दै आन्तरिक रोजगारीको प्रवर्द्धन गर्ने,
- आन्तरिक र वैदेशिक श्रम बजारको माग अनुरुपको व्यवसायिक सीप र तालिमको व्यवस्था गर्ने,
- श्रमको सम्मान, सबै प्रकारका श्रम शोषणको उन्मूलन, असल औद्योगिक श्रम सम्बन्धको प्रवर्द्धन गर्ने,
- श्रम तथा रोजगारी सम्बन्धी सेवा प्रवाहमा सुशासन प्रवर्द्धन गर्ने,
- वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको सामाजिक तथा आर्थिक पुनरएकीकरणमार्फत् वैदेशिक रोजगारीलाई सुव्यवस्थित बनाउन सहकार्यमा जोड दिने ।

## २.५ मूल्य

रणनीतिक योजनाले राखेको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नको लागि सदाचारिता तथा निष्ठा, उत्तरदायित्व तथा जवाफदहीता, समन्वय, सहकार्य र सहअस्तित्व, सकारात्मक सोच, सिर्जनशीलता, पारदर्शिता, व्यवसायिकता, निष्पक्षता, सहभागिता जस्ता मूल्यहरुलाई आत्मसात् गरिनेछ ।

**परिच्छेद-३**

# रणनीतिक योजना

## ३.१ रणनीतिक स्तम्भ

(१) गुणस्तरीय र उत्पादनशील रोजगारीको प्रवर्द्धन

(२) दक्ष तथा सीपयुक्त जनशक्तिको उत्पादन

(३) श्रम प्रशासनको सुदृढीकरण र श्रमिक अधिकारको रक्षा

(४) श्रम बजारको पहिचान, विकास एवम् रोजगारमूलक क्षेत्रमा लगानीलाई प्रोत्साहन

(५) वैदेशिक रोजगार व्यवस्थापनमा सहयोग

## ३.२ रणनीति तथा कार्यनीति

| रणनीतिक स्तम्भ-१ : गुणस्तरीय र उत्पादनशील रोजगारीको प्रवर्द्धन | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ काम गर्न सक्ने उमेर समूहका व्यक्तिलाई लक्षित गरी रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने । | • प्रदेशको आवश्यकता र सम्भावनाको आधारमा रोजगारी प्रदान गर्न सकिने कार्यक्रम पहिचान गरिनेछ ।<br>• काम गर्न इच्छुक तर काम नपाएका व्यक्तिलाई लक्षित गरी कम्तीमा बार्षिक ५० हजार व्यक्तिलाई न्यूनतम् रोजगारीको प्रत्याभूति गर्न मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• प्रत्येक स्थानीय तहबाट कम्तीमा १-१ वटा श्रममूलक रोजगार लक्षित कार्यक्रम सञ्चालनका लागि स्थानीय तहहरुसँग सहकार्य गरिनेछ ।<br>• स्थानीयस्तरका विकास निर्माणका काममा श्रममूलक प्रविधिको प्रयोगलाई प्राथमिकता दिईनेछ ।<br>• आन्तरिक रोजगारीका अवसरमा स्वदेशी जनशक्तिको सीप तथा दक्षता उपयोग गर्ने कार्यलाई प्राथमिकता दिने नीति लिईनेछ । |

| | |
|---|---|
| | • प्रदेशका क्षेत्रगत नीति तर्जुमा गर्दा श्रम तथा रोजगार नीतिसँग तादाम्यता र परिपूरकता कायम गरी उत्पादनशील एवं प्रतिफलयुक्त रोजगारका अवसर बढाईनेछ । |
| १.२ स्थानीय स्रोत साधन र परम्परागत प्रविधिलाई स्तरोन्नति गरी उत्पादकत्वमा वृद्धि गर्ने । | • प्रदेशमा रोजगारी सिर्जनामा योगदान गर्न सक्ने स्रोत साधनको पहिचान गरी परिचालन गरिनेछ ।<br>• रोजगारी सिर्जनाका लागि जल, जंगल, जमिन, जडीबुटी, खानी जस्ता प्राकृतिक स्रोतको योजनाबद्ध ढंगबाट उपयोग गरिनेछ ।<br>• स्थानीय श्रोतमा आधारित उद्यम विकास गरी रोजगारीका नयाँ क्षेत्रहरुको विकास र विस्तार गरिनेछ ।<br>• स्थानीयस्तरमा परम्परागत प्रविधिहरुको स्तरोन्नतिको योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>• परम्परागत प्रविधिमा आधारित उद्यम गर्ने जनशक्तिलाई आधुनिक तालिम तथा उपकरण प्रदान गरी परिस्कृत प्रविधिको अबलम्बनद्वारा उत्पादकत्व वृद्धि गरिनेछ । यसमा स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरिनेछ ।<br>• नेपाली कला र सीपमा आधारित पेसामा रोजगारी विस्तारका लागि थाङ्का, पौवा, ढाका, पस्मिना, कार्पेट, हस्तकला, काष्ठकला जस्ता विषयमा मौलिकता संरक्षण हुने गरी तालिम र आधुनिकीकरणमा सहयोग गरिनेछ । |
| १.३ अनौपचारिक क्षेत्रका श्रमिकलाई औपचारिकीकरण गर्ने । | • अनौपचारिक क्षेत्रका श्रमिकलाई संगठित हुन सहज हुने कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ ।<br>• अनौपचारिक क्षेत्रमा कार्यरत श्रम सम्बन्धमा अध्ययन गरी सीप विकास तालिम, दक्षता अभृद्धिका कार्यक्रम तथा अवसरको उपलब्धताको माध्यमबाट क्रमशः औपचारिक क्षेत्रमा ल्याईनेछ ।<br>• अनौपचारिक क्षेत्रमा कार्यरत् श्रमिकलाई सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन समन्वय र सहजीकरण गरिनेछ । |
| १.४ रोजगार तथा स्वरोजगारमूलक उद्यम | • निजी क्षेत्रलाई रोजगारी श्रृजना हुने किसिमका उत्पादन एवम् सेवामूलक व्यवसायमा लगानी गर्नका लागि अनुकूल हुने कानुन तर्जुमा गरिनेछ । |

| | |
|---|---|
| तथा पेसा व्यवसायको प्रवर्द्धन गर्ने । | • सेवा क्षेत्रका लागि आवश्यक पर्ने सीपयुक्त तथा दक्ष जनशक्ति उत्पादनका लागि तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ । कम्तीमा ५ वटा बहुविषयगत सीप विकास तालिम केन्द्रको स्थापना गरिनेछ ।<br>• व्यवसाय/प्रतिष्ठानले प्रदान गर्ने रोजगारी संख्याको आधारमा सहुलियत तथा छुटको व्यवस्था गरिनेछ ।<br>• आधुनिक तथा व्यावसायिक कृषिमा युवाहरुलांई आकर्षित हुने गरी सुविधा तथा दक्षता विकासका अवसहरु प्रदान गरिनेछ ।<br>• सेवा व्यवसायमा सहकारीको लगानी वृद्धिका लागि प्रोत्साहन हुने नीति कार्यान्वयन गरिनेछ ।<br>• युवा वर्गमा उद्यमशीलता विकास गरी स्वरोजगारका अवसरहरु श्रर्जना गर्न युवालक्षित उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सीप विकास तथा व्यावसायिक तालिम हासिल गरेका युवालाई उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सम्बन्धी परामर्श, स्किम निर्माण, वित्तीय सहायता तथा बजार पहुँचमा सेवा तथा सहजीकरण हुने गरी उद्यम/व्यवसाय एवम् पेसासम्बन्धी परामर्श सेवा प्रदान गरिनेछ । |
| १.५ रोजगारीमूलक कार्यक्रमहरु पूर्वाधार निर्माणका परियोजनासँग आबद्ध गर्ने । | • श्रममूलक रोजगारीका क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रमा लगानीलाई प्रोत्साहित गरिनेछ ।<br>• स्थानीय पूर्वाधार निर्माण परियोजनामा सम्भव भएसम्मका काममा मेसिनको सट्टा श्रमिकको परिचालन गरिनेछ ।<br>• सरकारले सञ्चालन गर्ने न्यूनतम् रोजगारी प्रत्याभूतिका कार्यक्रममा संलग्न हुने श्रमिकलाई थप रोजगारी उपलब्ध गराउन स्थानीयस्तरका अन्य पूर्वाधार विकासका परियोजनाहरुमा समेत संलग्न गरिनेछ ।<br>• पूर्वाधार विकाससम्बन्धी परियोजनामा सम्भव भएसम्म स्वदेशी श्रमिकको दक्षता तथा श्रम उपयोग गर्ने नीति लिईनेछ । |

| रणनीतिक स्तम्भ-२ : दक्ष तथा सीपयुक्त जनशक्तिको उत्पादन | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ श्रम बजारको आवश्यकता बमोजिमको दक्षतायुक्त जनशक्ति उत्पादन गर्ने । | • स्थानीय तहसँग समन्वय र सहकार्यमा रोजगारसम्बन्धी वर्गीकृत तथ्यांकको विद्युतीय अभिलेख अद्यावधिक गरिने छ ।<br>• जनशक्ती विकास सम्बन्धमा मध्यकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>• आउँदो २० वर्षका लागि प्रदेशलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरी त्यस्ता जनशक्ति उत्पादनका लागि शैक्षिक तथा तालिम संस्थाहरुसँग सहकार्य गरिनेछ ।<br>• प्रदेशमा हाल कार्यरत् रहेका र भविश्यमा आवश्यक पर्ने वैदेशिक जनशक्ति पहिचान तथा प्रक्षेपण गर्ने गरी जनशक्ति उत्पादन गरिनेछ ।<br>• अन्तरप्रदेश समन्वय गरी अन्य प्रदेशलाई आवश्यक पर्ने उच्च दक्ष जनशक्ति प्रतिस्थापन गर्ने गरी जनशक्ति उत्पादन गरिनेछ ।<br>• व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमको पाठ्यक्रमलाई बजारको मागसँग आबद्ध गरिनेछ ।<br>• औद्योगिक क्षेत्रहरुसँगै प्राविधिक शिक्षालय/औद्योगिक पाठशालाहरुको विकास गरी उद्योगका लागि आवश्यक आधारभूत र मध्यमस्तरको जनशक्तिको उत्पादन गरिनेछ ।<br>• उद्योगहरुले नै प्रशिक्षार्थी कामदारका रुपमा निश्चित अवधि काममा लगाई आवश्यक जनशक्ति विकास गर्न प्रोत्साहित गरिनेछ ।<br>• सीपमूलक तालिम कार्यक्रममा प्रशिक्षार्थीलाई सूचना प्रविधिसम्बन्धी आधारभूत जानकारी प्रवाह गर्ने बजारसँग आबद्ध गर्न सहयोग पुर्याईनेछ ।<br>• प्रदेशमा बसोबास गर्ने आर्थिक रुपले सकृय व्यक्तिलाई सीप विकास तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ । |

| | |
|---|---|
| २.२ प्राविधिक जनशक्तिको विकास गर्ने । | • उत्पादित शैक्षिक जनशक्ति बजारको मागअनुसारको सीप तथा दक्षता बीचको अन्तर पहिचान गरिनेछ ।<br>• प्रदेशमा नयाँ विश्वविद्यालय स्थापना गर्ने नीति अवलम्वन गरिनेछ ।<br>• प्रदेशबाट सञ्चालन हुने प्राविधिक, व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमलाई एकीकृत ढाँचामा समन्वय गरिनेछ ।<br>• व्यावसायिक तथा प्रविधिक शिक्षा र तालिमका साथसाथै सोको उपयोग सम्बन्धमा समेत प्रशिक्षित गर्ने व्यवस्था मिलाईनेछ ।<br>• तालिममा प्रशिक्षार्थीलाई आफूले प्राप्त गरेको ज्ञान र सीपलाई उपयोग गर्ने स्किमसहितको पाठ्यक्रम विकास गरिनेछ ।<br>• सम्भावनाका आधारमा जिल्लामा व्यावसायिक तालिम एकेडेमी स्थापना गरिनेछ ।<br>• प्रत्येक स्थानीय तहमा एक प्राविधिक विद्यालयको स्थापना गर्ने सहयोग र सहजीकरण गरिनेछ ।<br>• विद्यालय बाहिर रहेका युवाहरुलाई उनीहरुको आवश्यकता र सम्भावनाका आधारमा लागत साझेदारीमा छोटो तथा लामो अवधिको सीप विकास तालिम प्रदान गरिनेछ ।<br>• अनौपचारिक रुपमा प्राप्त गरेको सीपलाई मूल्यांकन गरी औपचारिकता प्रदान (सीप प्रमाणीकरण) गर्ने कार्यलाई सहज बनाईनेछ ।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गरी शैक्षिक तथा तालिम कार्यक्रमहरु परिमार्जन गरिनेछ ।<br>• शैक्षिक जनशक्ति उत्पादन गर्ने उच्च शिक्षा तथा प्राविधिक धारका शिक्षण संस्थाका कार्यक्रमलाई श्रम बजारको मागबमोजिम पाठ्यक्रम परिमार्जन गर्न समन्वय गरिनेछ ।<br>• स्थानीय तहहरुलाई बजारको माग अनुसारको प्राविधिक धारको पठनपाठन सञ्चालनका लागि अनुदान उपलब्ध गराइनेछ । |

| | |
|---|---|
| २.३ तालिम प्रदायक संस्थाहरुको स्थापना र सदृढीकरण गर्ने । | • विद्यमान तालिम संस्थाहरुको भौतिक पूर्वाधार विस्तार तथा जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• आन्तरिक श्रम बजारलाई आवश्यक पर्ने जनशक्ति तयार गर्नका लागि तालिम प्रदायक संथाहरुलाई परिचालन गरिनेछ ।<br>• तालिम लिने व्यक्तिलाई सीप सिक्दा हुने फांईदा तथा अवसरको पर्याप्त जानकारी प्रदान गरिनेछ ।<br>• विपन्न समुदायका सदस्यले प्राप्त गर्ने तालिममा सरकारी अनुदान उपलब्ध गराइनेछ ।<br>• रोजगारी सिर्जनामा सहायक हुने सीप विकास तालिम र उत्पादित श्रमशक्तिको बजारीकरणमा सरकारको तर्फबाट समेत लागत साझेदारी गरिनेछ । बाह्य श्रम बजारका लागि प्रदान गरिने सीप विकास तालिम अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको बनाईनेछ । |
| २.४ व्यावसायिक तालिम तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालनमा दोहोरोपन हटाउने । | • तीन तहका सरकारबीच सीप विकास तालिम प्रदान गर्ने सम्बन्धमा जिम्मेवारी बाँडफाँट तथा समन्वय गरिनेछ ।<br>• जनशक्ति विकासका सम्बन्धमा नेपाल सरकार र स्थानीय सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।<br>• सीप विकास तालिम लिएका र लिनु पर्ने व्यक्ति तथा सीपको उपयोगसम्बन्धी विवरण अद्यावधिक गर्ने कार्य स्थानीय तहबाट सम्पादन गरिनेछ ।<br>• छोटो अवधिको र सामान्य प्रविधिसँग सम्बन्धित सीप विकास तालिम स्थानीय तहबाट प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।<br>• तालिम प्रदायक संस्था, तालिम केन्द्रहरुको विवरण अद्यावधिक गरी तालिम प्राप्त व्यक्तिहरुको अभिलेख व्यवस्थित गरिनेछ ।<br>• तालिम प्रदायक संस्थाहरुबाट तालिम प्राप्त व्यक्तिहरुको तालिमको उपयोग सम्बन्धमा अनुगमन गरिनेछ । |

| रणनीतिक स्तम्भ-३ : श्रमिक अधिकारको रक्षा तथा श्रम प्रशासनको सुदृढीकरण | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ श्रम सूचना प्रणाली सुदृढ गर्ने | • बजारमा श्रमिकको माग तथा आपूर्तिलाई सन्तुलित गर्न श्रम सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।<br>• श्रम बजार सूचना प्रणालीको स्थापना गरिनेछ । यस्तो प्रणालीमा श्रमसम्बन्धी सूचनाहरु स्वचालित रुपमा अद्यावधिक हुने व्यवस्था गरिनेछ । श्रम बजार सूचना प्रणालीमा स्थानीय तहको रोजगार सूचना केन्द्रलाई आबद्ध गरिनेछ ।<br>• स्थानीय तहलाई रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्यांक संकलन र अद्यावधिक गर्न समन्वय तथा सहयोग प्रदान गरिनेछ ।<br>• स्थानीय तहलाई रोजगार तथा बेरोजगार श्रमशक्तिको लगत संकलन र अद्यावधिक गर्न समन्वय तथा सहयोग प्रदान गरिनेछ ।<br>• स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन गर्न स्थानीय तहलाई सहयोग र प्रोत्साहन गरिनेछ ।<br>• श्रमसम्बन्धी तथ्यांक तथा विवरण (दक्षताका आधारमा वर्गीकरणसहित) लाई एकीकृत गरी नियमित रुपमा अद्यावधिक गरी वेबसाइटमा राखिनेछ ।<br>• प्रतिष्ठान वा रोजगारदाताले माग गर्ने जनशक्तिको विवरणको अभिलेख विद्युतीय वेबसाइट पोर्टलमा अद्यावधिक गर्ने प्रणाली विकास गरिनेछ ।<br>• काम गर्न इच्छुक बेरोजगार श्रमिकहरुको योग्यता तथा अनुभव रोजगारदाताले हेर्न मिल्ने गतिशील प्रणाली निर्माण गरी नियमित अद्यावधिक गरिनेछ । |
| ३.२ नेपाली श्रम बजारलाई अन्तर्राष्ट्रिय श्रम बजारसँग आबद्ध गर्ने । | • अन्तर्राष्ट्रिय श्रम बजारसँगको आबद्धता विस्तार गरी बाह्य रोजगारका अवसरको जानकारी प्राप्त हुने व्यवस्था गरिनेछ ।<br>• अन्तर्राष्ट्रिय श्रम बजारबाट नेपालले उपयोग गरेका जनशक्तिको अवस्था विश्लेषण गरी त्यस्ता जनशक्ति प्रदेशमा |

| | |
|---|---|
| | नै उत्पादन गर्दै लगिनेछ । नेपाली व्यावसायिक तथा प्राविधिक सीप विकास तालिम अन्तर्राष्ट्रियस्तरमा मान्यतायुक्त बनाउन संघीय सरकारसँग सहकार्य गरिनेछ । |
| ३.३ श्रम सम्बन्ध सुदृढीकरण र श्रमिकको अधिकार संरक्षण गर्ने । | • प्रदेश श्रम सल्लाहकार परिषद्को गठन गरी श्रम सम्बन्धी विषयमा त्रिपक्षीय परामर्श प्राप्त गर्ने व्यवस्था मिलाईनेछ । श्रमिकको अधिकार रक्षाका लागि कानुनी तथा संरचनागत व्यवस्था मिलाइनेछ । श्रमिकको संगठित हुने ट्रेड युनियन र सामूहिक सौदाबाजीको अभ्यासलाई व्यवस्थित गरिनेछ । अनुचित श्रम शोषण, गलत दवाव, प्रतिशोधमूलक, बिनाकारण ज्यालामा कटौती वा कामबाट हटाउने जस्ता श्रम व्यवहारलाई पूर्णतः निषेध गरिनेछ ।<br>• मर्यादित श्रम अभ्यास र असल श्रम सम्बन्ध स्थापनाका लागि श्रम साझेदारहरुसँग सहकार्य गरिनेछ ।<br>• सबै प्रतिष्ठान र श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजना र स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्न स्थानीय तहलाई सहयोग प्रदान गरिनेछ ।<br>• अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्न स्थानीय तहलाई सहयोग प्रदान गरिनेछ ।<br>• सार्वजनिक सेवामा रहेका तर कर्मचारी सञ्चयकोषमा आबद्ध नहुने राष्ट्रसेवक कर्मचारीहरुलाई स्थानीय तह समेतको सहकार्यमा सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न प्रोत्साहित गरिनेछ ।<br>• योगदानमा आधारित सामाजिक सुरक्षामा प्रतिष्ठानहरुको आबद्धता गराईनेछ ।<br>• कार्यक्षेत्रमा हुने लैंगिक तथा अन्य विभिन्न विभेद र हिंसाको अन्त्यका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ ।<br>• नीति निर्माण तहमा श्रमिकका प्रतिनिधिको संलग्नता सुनिश्चित गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।<br>• महिला श्रमिक कार्यरत स्थानमा महिलामैत्री संरचना, स्तनपान कक्ष, शिशु स्याहार गृह आदिको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | • प्रतिष्ठानहरुमा न्यूनतम् ज्यालाको सुनिश्चितता प्रदान गरिनेछ ।<br>• सुमधुर औद्योगिक सम्बन्धको विकासका लागि प्रदेश सरकार, रोजगारदाता र कामदारहरुबीच त्रिपक्षीय वा द्विपक्षीय परामर्श र सहकार्यलाई प्रोत्साहित गरिनेछ ।<br>• श्रमसम्बन्धी विवाद समाधानका लागि सामाजिक संवाद (Social Dialogue) लाई प्रोत्साहित र सहजीकरण गरिनेछ ।<br>• प्रतिष्ठानस्तरका श्रम सम्बन्ध समितिहरुलाई सामाजिक संवाद, विवाद व्यवस्थापन, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यस्थलमा अनुशासन तथा उत्पादन र उत्पादकत्व वृद्धिमा क्रियाशील बनाईनेछ ।<br>• औद्योगिक विवाद समाधान र निरुपणमा श्रम प्रशासनको सहजीकरण तथा नियामक भूमिका प्रभावकारी बनाइनेछ ।<br>• महिला श्रमिकको प्रजनन स्वास्थ्यलाई ध्यानमा राखी मापदण्ड बनाई लागू गरिनेछ । |
| ३.४ बालश्रम निवारण गर्ने । | • शोषणयुक्त बालश्रम उन्मूलन र निषेष गरिनेछ ।<br>• बालश्रम निवारणमा स्थानीय तह, ट्रेड युनियन, रोजगारदाता र बालश्रमको क्षेत्रमा कार्यरत संघसंस्थाहरुसँग प्रभावकारी सहकार्य, समन्वय र सञ्जाल स्थापना गरिनेछ ।<br>• बालश्रममा परेका बालबालिका तथा तिनका परिवारका लागि सचेतना, शिक्षा, सीप विकास, जीविकोपार्जनका वैकल्पिक उपायसम्बन्धी लक्षित कार्यक्रमबाट सहयोग पुर्याईने छ । |
| ३.५ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अबलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउने । | • श्रम कानुन तथा मापदण्डहरुका बारेमा प्रतिष्ठानहरु व्यवस्थापन तथा श्रमिकहरुलाई अभिमुखीकरण गरिनेछ ।<br>• कार्यक्षेत्रमा श्रमिकको भौतिक तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको सुनिश्चितताका लागि सुरक्षा मापनका मापदण्ड र सूचकाङ्क तयार गरी व्यवसायजन्य सुरक्षा प्रणाली लागू गरिनेछ ।<br>• श्रमिकलाई जोखिमपूर्ण काममा लगाउँदा स्वास्थ्य तथा जीवन सुरक्षा सुनिश्चित गर्नुपर्ने कानुनी व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | • प्रतिष्ठान तथा अन्य आर्थिक इकाईहरुमा ध्वनि, धुँवा, धुलो, रसायन जस्ता मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने तत्वहरुको मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।<br>• व्यक्तिगत सुरक्षा उपकरणको प्रयोगलाई कार्यक्षेत्रमा अनिवार्य गरिनेछ ।<br>• श्रमिकलाई आवश्यक पर्ने न्यूनतम सुविधा जस्तै शौचालय, सुरक्षित पानी, खाजाघर, आराम गृह लगायतका पूर्वाधारको गुणस्तर मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।<br>• प्रतिष्ठानहरुलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यस्थल सम्बन्धी क्षमता विकास, सचेतना अभिवृद्धि गर्न अभिमुखीकरण गरिनेछ । |
| ३.६ श्रम प्रशासनमा सुधार गर्ने । | • प्रतिष्ठान तहसम्म सुपरीवेक्षण र सहजीकरण गर्न सक्षम हुने गरी श्रम प्रशासनको सुदृढीकरण गरिनेछ ।<br>• इजाजत प्राप्त निरीक्षकहरुबाट कारखानाहरुमा व्यवसायजन्य सुरक्षासम्बन्धी परीक्षणको व्यवस्था मिलाईनेछ ।<br>• आधुनिक प्रविधिको प्रयोगमार्फत श्रम तथा रोजगार सम्बन्धी सेवा लिने र दिनेबीच प्रत्यक्षा भेटघाट हुनुपर्ने अवस्थाको न्यूनीकरण गरिनेछ ।<br>• कर्मचारीलाई आवश्यकताअनुसार तालिम, अवसर तथा प्रविधिसँग अभ्यस्त गराई श्रम प्रशासनलाई सेवाग्राहीमुखी एवं निजी क्षेत्रमैत्री बनाउँदै लगिनेछ ।<br>• आधुनिक प्रविधिको प्रयोगको माध्यमबाट सेवा प्रवाहलाई सरल, सहज, छरितो र प्रभावकारी बनाउँदै लगिनेछ ।<br>• व्यवसाय गर्न चाहने उद्यमीलाई सहयोग गर्नका लागि प्रत्येक स्थानीय तहमा उद्यम विकास शाखामार्फत् सहयोग तथा परामर्श सेवा उपलब्ध गराउन स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>• प्रतिष्ठान तथा कलकारखानाको निरीक्षण, नियमन, अनुसन्धान र अनुगमनसम्बन्धी मापदण्ड तयार गरी अनुगमन र निरीक्षण प्रभावकारी बनाइनेछ । |

| | |
|---|---|
| | • प्रतिष्ठानहरुको श्रम अडिट प्रतिवेदनको जाँच, अनुगमन तथा मूल्याङ्कन गरी श्रम कानूनहरुले निर्धारण गरेका मापदण्डहरु पालना हुने अवस्था निर्माण गरिनेछ । |

| **रणनीतिक स्तम्भ-४ : श्रम बजारको विकास एवम् रोजगारमूलक क्षेत्रमा लगानीलाई प्रोत्साहन।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ४.१ तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रमा लगानीकर्ता आकर्षित गर्ने । | • अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिकीकरण गर्ने र निजी क्षेत्रलाई प्रोत्साह र सहयोग गरिनेछ ।<br>• रोजगारी सिर्जनामा योगदान गर्ने तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षामताका क्षेत्र पहिचान गरिनेछ ।<br>• पहिचान भएका रोजगारमूलक प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्ने निजी क्षेत्र (स्वदेशी र विदेशी) लाई आकर्षित गरिनेछ ।<br>• सूचना प्रविधिमा आधारित पेसा/रोजगारी विस्तारमा अनुकूल वातावरण निर्माण तथा सहजीकरण गरिनेछ ।<br>• सहकारीलाई रोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ ।<br>• रोजगारमूलक क्षेत्रमा लगानी गर्नका लागि सार्वजिनक निजी साझेदारीको मापदण्ड बनाई लागू गरिनेछ ।<br>• असल श्रम सम्बन्धको अभ्यासद्वारा रोजगार मैत्री लगानी आकर्षित गरिनेछ । |
| ४.२ स्थानीय श्रोत साधनको उपयोग र रोजगारमूलक क्षेत्रमा लगानी प्रोत्साहन गर्ने । | • धेरै रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्नका लागि प्रोत्साहनमूलक कानुनी व्यवस्थाहरु कार्यान्वयन गरिनेछ ।<br>• लगानी सम्मेलनहरुको आयोजना गरी उत्पादन तथा रोजगारी श्रृजनामा योगदान गर्ने खालका लगानीलाई प्रोत्साहन गरिनेछ ।<br>• उद्योग तथा प्रतिष्ठानहरुमा महामारीका कारण श्रृजना हुने वा हुन सक्ने समस्याहरु समाधानमा सहयोग गरिनेछ । |

| | |
|---|---|
| | • रोजगारी श्रृजना गरेको आधारमा लागनीकर्ताहरुलाई छुट तथा सुविधा पार्ने गरी लगानीसम्बन्धी कानुनी व्यवस्था गरिनेछ ।<br>• स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको परिचालनबाट रोजगारी श्रृजना हुन सक्ने भए त्यस्तो सम्भावनाको पहिचान गरिनेछ ।<br>• स्थानीय कच्चा पदार्थ, जनशक्ति तथा बजारको उपलब्धता र उत्पादन लागतसमेतको आधारमा लघु, घरेलु तथा साना उद्योगको सम्भाव्यता पहिचान गरिनेछ ।<br>• लघु, घरेलु तथा साना उद्योगमा लगानीका लागि पुँजी अभाव हुन नदिन प्रदेश लगानी कोष खडा गरिनेछ र बैंक तथा वित्तीय संस्थासँग सम्झौता गरी त्यसको परिचालनको व्यवस्था मिलाईनेछ ।<br>• लघु, घरेलु तथा साना उद्योगको विकासमा युवाको आकर्षण बढाउन स्थानीय तहसँग सहकार्य गरिनेछ । |
| ४.३ बैंक तथा बित्तीय संस्थाको लगानी रोजगारमूलक क्षेत्रमा परिचालन गर्ने । | • सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालन गर्न सहजीकरण गरिनेछ ।<br>• रोजगारी श्रृजनामा योगदान गर्ने परियोजनामा ऋण प्रवाहलाई प्राथमिकता दिन बैंक तथा वित्तीय संस्थालाई सहयोग पुग्ने नीतिगत तथा कानूनी व्यवस्था कार्यान्वयनमा ल्याईनेछ ।<br>• स्थानीय सम्भावनाको आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाह गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वयन गरिनेछ ।<br>• स्थानीय बचत तथा ऋण सहकारीको प्रवर्द्धनमा सहायक हुने नीति कार्यान्वयनमा ल्याईनेछ ।<br>• व्यवसाय सुरु गर्न चाहने व्यक्तिलांई बैंक तथा वित्तीय संस्थाले व्यवसायिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>• सहकारीहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । |
| ४.४ महिला, पिछडिएका वर्ग, समुदाय तथा क्षेत्रका व्यक्तिको | • महिला, अपाङ्गता भएका व्यक्ति र पिछडिएका वर्ग, समुदायलाई उद्यममा लाग्न प्रेरित गर्ने गरी नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| रोजगारीका अवसर अभिवृद्धी गर्ने । | • लक्षित वर्गलाई रोजगार तथा स्वरोजगारमूलक कार्यका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थासँग समन्वय गरिनेछ ।<br>• प्रदेश महिला उत्थान कार्यक्रम सञ्चालन गरी महिलालाई पेसा व्यवसायमा लाग्न प्रोत्साहन गरिनेछ ।<br>• युवालाई नवप्रवर्तनका लागि नवप्रवर्तन कोषका साथै सरल र सुलभ कर्जा प्रवाहको व्यवस्था गरिनेछ ।<br>• लक्षित वर्गलाई उद्यम तथा व्यवसाय सुरु गर्न सहयोग पुर्याउनका लागि प्रदेश लगानी कोषमा निश्चित रकम लक्षित वर्ग उत्थानमा लगानी हुने व्यवस्था गरी बैंक तथा वित्तीय संस्थाको सहयोगमा ऋण प्रवाह गरिनेछ ।<br>• रोजगारीको अवसर उपलब्ध गराउँदा महिला, पिछडिएका वर्ग, अल्पसंख्यक, अतिविपन्नलाई प्राथमिकता दिने गरी कानुनी व्यवस्था गरिनेछ । |
| ४.५ अति विपन्न समुदायलाई आयमूलक तथा रोजगारमूलक काममा लाग्न सहयोग प्रदान गर्ने । | • अति विपन्न समुदायको पहिचान गरी स्थानीय प्राकृतिक स्रोतको प्रोगमा अग्राधिकार प्रदान गर्दै आयआर्जनतर्फ लाग्न अनुकूल वातावरण सिर्जना गरिनेछ ।<br>• हैसियत बिग्रिएका वन, नदी उकास क्षेत्र, चरिचरन क्षेत्र, प्रयोगमा नआएका सार्वजनिकस्थल आदिमा कबुलियती वन, जडिबुटी खेती तथा अन्य रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्नका लागि विपन्नलाई अवसर प्रदान गरिनेछ ।<br>• प्रदेशका ठूला परियोजनाहरुमा अति विपन्नलाई लक्षित गरी प्राथमिकताका साथ रोजगारी प्रदान गरिनेछ ।<br>• विपन्न समुदायका सदस्यले सञ्चालन गरेका आयआर्जनका कार्यमा निःशुल्क व्यवसाय वीमाको कार्यक्रम लागू गरिनेछ ।<br>• अति विपन्न समुदायका लागि छोटो तथा मध्यम समयका सीप विकास तालिम तथा प्राविधक शिक्षामा निःशुल्क पहुँच उपलब्ध गराइनेछ । सरकारी निकायमा विपन्न समुदायका उत्पादन तथा उनीहरुले प्रदान गर्ने सेवा उपयोगलाई प्राथमिकता दिने नीति लिइनेछ । |

| रणनीतिक स्तम्भ-५ : वैदेशिक रोजगार व्यवस्थापनमा सहयोग | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ५.१ वैदेशिक रोजगारीमा जाने श्रमिकको क्षमता अभिवृद्धी, सुरक्षा तथा परिवारका सदस्यहरुको हित र कल्याणमा सहयोग गर्ने । | • प्रदेशको वैदेशिक रोजगार प्रोफाईल (वैदेशिक रोजगारीमा रहेका, फर्किएका व्यक्ति र उनीहरुले हासिल गरेका सीप समेत) तयार गरी तथ्यमा आधारित नीति तथा कार्यक्रमहरु तर्जुमा गरिनेछ ।<br>• प्रदेश र स्थानीय तहको सहकार्यमा वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्रको स्थापना गरी वैदेशिक रोजगारीसम्बन्धी सूचनाहरु स्थानीयस्तरमा नै उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।<br>• वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई कामको प्रकृति अनुसारको सीप विकास तालिम तथा भाषाको ज्ञान प्रदान गरिनेछ । कामको प्रकृति अनुसारको विषयगत अनुशिक्षण प्रदान गर्ने गरी प्रशिक्षण केन्द्रको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>• आगामी ५ वर्षमा यस प्रदेशबाट वैदेशिक रोजगारमा जान चाहने कम्तीमा ५० प्रतिशतलाई स्थानीय तहसमेतको सहकार्यमा सीपयुक्त तालिम प्रदान गरिनेछ ।<br>• स्थानीय तहसँगको सहकार्यमा विदेश जाने व्यक्ति र निजका परिवारका सदस्यलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• वैदेशिक रोजगारका क्रममा समस्यामा परेका व्यक्ति तथा निजको परिवारका सदस्यलाई संरक्षण र उद्धारमा सम्बद्ध विभिन्न निकायसँग समन्वय एव सहकार्य गरिनेछ ।<br>• स्थानीय तहहरुसँगको सहकार्यमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति र तिनका परिवारको सामाजिक पुनःएकीकरण, पुनःस्थापना तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ ।<br>• अप्ठ्यारोमा परेर फर्केका श्रमिक तथा निजको परिवारलाई सहयोग उपलब्ध गराउनका लागि प्रदेशमा वैदेशिक रोजगार राहत कोष स्थापना गरिनेछ । |

| | |
|---|---|
| | • अभिभावक वैदेशिक रोजगारमा गएका कारण समस्यामा परेका बालबच्चाको लालनपालन तथा शिक्षाका लागि वैदेशिक रोजगार बोर्डसँगको सहकार्यमा विशेष प्रबन्ध गरिनेछ ।<br>• वैदेशिक रोजगारमा विद्यमान ठगीको अन्त्य गर्का लागि नेपाल सरकार, स्थानीय तह र नागरिक समाजसँगको समन्वयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• वैदेशिक रोजगारको क्रममा हुने ठगी नियन्त्रणका लागि न्यायमा पहुँच अभिवृद्धि गरिनेछ । |
| ५.२ वैदेशिक रोजगार सम्बन्धी सहयोगी सेवाहरु प्रदेशस्तरबाट उपलब्ध गराउन आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्ने । | • वैदेशिक रोजगारमा जान चाहने कामदारलाई स्थानीय तहमा नै आधारभूत सूचना प्रदान गर्नका लागि प्रत्येक स्थानीय तहमा वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न सहजीकरण र सहयोग गरिनेछ ।<br>• श्रमिकले विदेशमा गएर गर्ने काम अनुसारको तालिम प्रदेशस्तरमा नै उपलब्ध गराउन वैदेशिक रोजगार लक्षित तालिम केन्द्र स्थापना गरिनेछ ।<br>• प्रदेशका विभिन्न स्थानबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति उपलब्ध गराउन नेपाल सरकारसँग समन्वय गरिनेछ ।<br>• वैदेशिक रोजगार सूचना प्रणालीमा बागमती प्रदेशबाट वैदेशिक रोजगारमा गएका तथा फर्किआएका श्रमिकको एकीकृत विवरण नियमित अध्यावधिक हुने र त्यसको जानकारी स्वचालित प्रविधिबाट हुने व्यवस्था मिलाउन नेपाल सरकारसँग समन्वय गरिनेछ ।<br>• वैदेशिक रोजगारसँग सम्बन्धित प्रदेशको जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गरिनेछ । |
| ५.३ वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी, सीप, अनुभव र प्रविधिलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने । | • वैदेशिक रोजगारबाट प्रदेशमा भित्रिने विप्रेषण उत्पादनशील एवं रोजगारमूलक क्षेत्रमा परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।<br>• वैदेशिक रोजगारका क्रममा सिकेको सीपको सीप परीक्षणका लागि आवश्यक सहयोग र सहजीकरण गरिनेछ । |

| | |
|---|---|
| | • श्रमिकले वैदेशिक रोजगारको क्रममा प्राप्त गरेको अनुभव, सीप तथा प्रवधिको रेकर्ड राख्ने र त्यसको उपयोग गरिनेछ । यस्तो सीप स्थानीयस्तरमा समेत हस्तान्तरणका लागि प्रोत्साहित गरिनेछ ।<br>• वैदेशिक रोजगारमा कम्तीमा दुई वर्ष व्यतीत गरी फर्किका श्रमिकहरुलाई वैदेशिक रोजगारसम्बन्धी सूचना प्रवाह, प्रशिक्षण तथा रिटर्नी स्वयंसेवक लगायतका कार्यमा प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।<br>• विदेशमा सिकेको सीपलाई स्तरोन्नति वा रुपान्तरण गरी स्वदेशमा प्रयोग गर्ने अवसर प्रदान गरिनेछ ।<br>• वैदेशिक रोजगारमा सिकेका सीपमा आधारित व्यवसाय वा उद्यम सञ्चालन गर्न चाहने वा वैदेशिक रोजगारबाट फर्किएका श्रमिकले आफूले आर्जन गरेको आम्दानी रोजगारमूलक क्षेत्रमा लगानी गर्न चाहेमा व्यवसायको क्षमता तथा आवश्यकता हेरी (परियोजना स्किममा आधारित रही) ५० प्रतिशतसम्म ब्याज अनुदानसहितको सहुलियतपूर्ण कर्जा प्रदान गरिनेछ ।<br>• वैदेशिक रोजगारमा प्राप्त सीपमा आधारित उद्योग सञ्चालन गर्न चाहनेलाई स्किम निर्माण, बजार सर्वेक्षण तथा अन्य व्यवसायीसँग अनुभव प्राप्त गरी उद्यम स्थापनाको चरणसम्म पुर्याउन सहजीकरण गरिनेछ ।<br>• वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने व्यवसायमा छुट तथा सहुलियत प्रदान गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>• वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारले सञ्चालन गर्ने उद्यम व्यवसायलाई वैदेशिक रोजगारमा गएका श्रमिकले पाउने सरहको सुविधा नै प्रदान गरिनेछ । |
| ५.४ बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्ने । | • आगामी दश वर्षमा आन्तरिक रोजगारीको वृद्धि गरी वैदेशिक रोजगारीलाई बाध्यात्मक अवस्थाबाट छनोटको अवस्थामा पुर्याईनेछ ।<br>• पटक पटक वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्न आर्थिक तथा सामाजिक विप्रेषण (सीप, ज्ञान र |

| | |
|---|---|
| | पूँजी आदि) को आयआर्जन तथा रोजगारीमूलक क्षेत्रमा परिचालन गरिनेछ ।<br>• मानव संसाधन विकासको दीर्घकालीन योजना कार्यान्वयन गरी दक्ष तथा सीपयुक्त व्यक्ति मात्र वैदेशिक रोजगारीमा जाने अवस्थाको श्रृजना गरिनेछ ।<br>• विश्व श्रम बजारमा श्रमिकको माग तथा आपूर्तिको अवस्थासमेतको आधारमा आन्तरिक श्रम बजारको विकास गर्दै लगिनेछ । |

### ३.३ समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि नेपाल सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय र मातहतका निकाय, संघीय मन्त्रालय तथा स्थानीय तह र सरोकारवाला निकाय, निजी क्षेत्र, ट्रेड युनियन, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, प्राज्ञिक तथा अनुसन्धानमूलक संस्थाहरु लगायत आमसरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय तथा सहकार्य गरिनेछ ।

### ३.४ स्रोत व्यवस्थापन

मन्त्रालयको वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीतिक योजनामा आधारित भई तर्जुमा गरिनेछ । रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोतसाधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत् नियमित रुपमा प्रस्ताव गरिनेछ । आवश्यकता अनुसार निजी क्षेत्र तथा विकास साझेदारहरुसँग समेत आर्थिक स्रोत व्यवस्थापनका लागि सहकार्य गरिनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित स्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

**बजेट प्रक्षेपण**

*रु. लाखमा*

| रणनीतिक स्तम्भ | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | जम्मा |
| (१) गुणस्तरीय र उत्पादनशील रोजगारीको प्रवर्द्धन | १३५ | ११५० | ७५० | ७५० | ७५० | **३५३५** |
| (२) दक्ष तथा सीपयुक्त जनशक्तिको उत्पादन | ५५ | १३५० | ६७५ | ६७५ | ६७५ | **३४३०** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (३) श्रमिक अधिकारको रक्षा तथा श्रम प्रशासनको सुदृढीकरण | १०५ | ९५ | ९५ | ९५ | ९५ | **४८५** |
| (४) श्रम बजारको विकास एवम् रोजगारमूलक क्षेत्रमा लगानीलाई प्रोत्साहन | ५० | १५० | ५५ | ५५ | ५५ | **३६५** |
| (५) वैदेशिक रोजगार व्यवस्थापन | ५८० | ८५५ | ९८५ | ९८५ | ९८५ | **३४०५** |
| **कूल जम्मा** | **९२५** | **३६००** | **२५६०** | **२५६०** | **२५६०** | **११२२०** |

### ३.५ अनुगमन तथा मूल्यांकन

यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन मार्फत् लक्षित उद्देश्य हासिल गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्यांकन विधि अवलम्वन गरिनेछ :

### (क) अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना

यस रणनीतिक योजना कार्यान्वयनको निरन्तर अनुगमनका लागि प्रदेश श्रम तथा रोजगार नीति, २०८० तथा प्रदेश श्रम तथा रोजगार रणनीतिक योजना (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ मा व्यवस्था भए बमोजिमको अनुगमन समितिको गठन गरिनेछ । उक्त समितिले नियमित रुपमा अनुगमन गरी कार्यान्वयन प्रगति, विधि, देखिएका समस्या तथा समाधानका उपाय सम्बन्धमा मन्त्रालयलाई समसामयिक रुपमा पृष्ठपोषण दिनेछ । अनुगमन समितिको सचिवालयको रुपमा मन्त्रालयको श्रम तथा रोजगार महाशाखाले काम गर्नेछ ।

### (ख) आवधिक समीक्षा

रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुको प्रगति सम्बन्धमा वार्षिक रुपमा समीक्षा गरिनेछ । अनुगमन समितिले दिइएको प्रतिवेदन र पृष्ठपोषण सम्बन्धमा छलफल तथा समीक्षा गरी आवश्यकता अनुसार सुधारात्मक उपायहरु अवलम्वन गरिनेछ । वार्षिक समीक्षा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गरिनेछ ।

### (ग) मध्यावधी मूल्याङ्कन

रणानीतिक योजना कार्यान्वयन भएको मितिले तीन वर्षपछि मध्यावधी मूल्याङ्कन गरिनेछ । मध्यावधी मूल्याङ्कन गर्दा उक्त अवधिभित्र अपेक्षित लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलापहरुमा हासिल भएको उपलब्धी, कार्य सञ्चालनको क्रममा देखिएका समस्या तथा चुनौतिहरुको बारेमा वस्तुगत विश्लेषण गरिनेछ । मूल्याङ्कन अवधिमा भएका कानूनी तथा नीतिगत परिवर्तन, सार्वजनिक प्रशासनको क्षेत्रमा आएको परिवर्तन साथै उपलब्ध स्रोत र साधन समेतको आधारमा समीक्षा गरी आवश्यकता अनुसार निर्धारित क्रियाकलाप तथा स्रोत व्यवस्थापनलाई परिमार्जन गर्न सकिनेछ ।

### (घ) अन्तिम मूल्याङ्कन

रणनीतिक योजना कार्यान्वयनको पाँचौ वर्षमा यस योजनाको अन्तिम मूल्याङ्कन र आगामी रणनीतिक योजनाको पूर्वतयारी गरिनेछ । पाँचौं वर्षको पहिलो ६ महिना व्यतित भएपछि योजनाको अन्तिम मूल्याङ्कन प्रारम्भ गरिनेछ । रणनीतिक योजनाको अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ । मूल्याङ्कनबाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई आगामी दिनमा तर्जुमा हुने रणनीति योजना निर्माणमा उपयोग गरिनेछ ।

## ३.६ सम्भाव्य जोखिमको पहिचान

रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने जोखिमहरुलाई देहायबमोजिम उल्लेख गरिएको छ । योजना कार्यान्वयन कार्ययोजनामा पहिचान गरिएका जोखिमहरुका संकेत मात्र उल्लेख गरिएको छ ।

१) स्रोतको व्यवस्थापन - (क)

२) प्रदेशको विषयगत मन्त्रालय तथा निकाय, गैरसरकारी र निजी क्षेत्रबीच प्रभावकारी समन्वय - (ख)

३) संघ र स्थानीय तहको प्राथमिकतासँगको सामञ्जस्यता - (ग)

४) विकास साझेदारबाट हुने सहयोग र समन्वय - (घ)

## अनुसूची-१

| **कार्यनीति ३.६.३:** कर्मचारीलाई आवश्यकताअनुसार तालिम, अवसर तथा प्रविधिसँग अभ्यस्त गराई श्रम प्रशासनलाई सेवाग्राहीमुखी एवं निजी क्षेत्रमैत्री बनाउँदै लगिनेछ । | | | | | | |
| ३.६.३.१ | कर्मचारीलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धीका विभिन्न अवसरहरु प्रदान गर्ने । | सम्बद्ध कर्मचारीहरु | मन्त्रालय | पहिलो वर्ष र निरन्तर | श्रम प्रशासन सेवाग्राहीमुखी एवं निजी क्षेत्रमैत्री भएको हुने । | क |
| **कार्यनीति ३.६.४:** व्यवसाय गर्न चाहने उद्यमीलाई सहयोग गर्नका लागि प्रत्येक स्थानीय तहमा उद्यम विकास शाखामार्फत् सहयोग तथा परामर्श सेवा उपलब्ध गराउन स्थानीय तहसँग सहकार्य गरिनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.६.४.१ | स्थानीय तह अन्तर्गत उद्यम विकास शाखामार्फत् उद्यमी सहयोग र परामर्श सेवा प्रदान गर्न स्थानीय तहसँग सहकार्य गर्ने । | स्थानीय तह | मन्त्रालय | दोस्रो वर्ष | सहकार्यको मोडालिटी तयार भै स्थानीय तहबाट आवश्यक सहयोग र परामर्श सेवा प्रवाह भएको हुने | ग |
| **रणनीतिक स्तम्भ-४ : श्रम बजारको विकास एवम् रोजगारमूलक क्षेत्रमा लगानीलाई प्रोत्साहन** | | | | | | |
| **रणनीति ४.१ः तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रमा लगानीकर्ता आकर्षित गर्ने ।** | | | | | | |
| **कार्यनीति ४.१.१ः** रोजगारी सिर्जनामा योगदान गर्ने तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका क्षेत्र पहिचान गरिनेछ । | | | | | | |
| ४.१.१.१ | रोजगारी सिर्जनामा योगदान गर्ने तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका क्षेत्र पहिचान गर्न अध्ययन अनुसन्धान गर्ने । | मन्त्रालय | विज्ञ टोली | दोस्रो वर्ष | अध्ययन प्रतिवेदन प्राप्त भै तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रको पहिचान भएको हुने । | क |
| **कार्यनीति ४.१.२ः** पहिचान भएका रोजगारमूलक प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्ने निजी क्षेत्र (स्वदेशी र विदेशी) लाई आकर्षित गरिनेछ । | | | | | | |
| ४.१.२.१ | रोजगारमूलक क्षेत्रमा लगानी गर्नका लागि सार्वजिनिक निजी साझेदारीको मापदण्ड बनाई लागू गर्ने । | श्रम तथा रोजगार शाखा | मन्त्रालय | दोस्रो वर्ष | मापदण्ड स्वीकृत भई कार्यान्वयन भएको हुने । | क |
| ४.१.२.२ | स्वदेशी र विदेशी लगानीकर्ताहरुलाई सहभागी गराई प्रदेशस्तरीय लगानी सम्मेलन कार्यक्रमको आयोजना गर्ने । | मन्त्रालय | सम्बद्ध निकायहरु | दोस्रो वर्ष | कार्यक्रममा सहभागीहरुबाट लगानीको प्रतिबद्धता व्यक्त गरेको हुने । | क, ख |
| ४.१.२.३ | रोजगारी श्रृजना गरेको आधारमा लगानीकर्ताहरुलाई छुट तथा सुविधा पाउने गरी कानुनी व्यवस्था गर्ने । | मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | दोस्रो वर्ष | कानुनी व्यवस्था कार्यान्वयनबाट लगानीकर्ताहरु उत्साहित भएको हुने । | क, ख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१.२.४ | सहकारीलाई रोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने । | मन्त्रालय | संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय | दोस्रो वर्ष | चरणबद्ध वैठक तथा छलफलबाट सहकारी संस्थाहरु लगानीका लागि तयार भएको हुने । | क, ख |
| **कार्यनीति** ४.१.३ः असल श्रम सम्बन्धको अभ्यासद्वारा रोजगार मैत्री लगानी आकर्षित गर्ने। | | | | | | |
| ४.१.३.१ | असल श्रम सम्बन्ध स्थापनाका लागि गरिएका पहलहरुबारे डकुमेन्ट्री निर्माण गरी प्रचार प्रसार गर्ने । | श्रम तथा रोजगार शाखा | मन्त्रालय | दोस्रो वर्ष | रोजगार मैत्री लगानी आकर्षित भएको हुने । | क |
| **कार्यनीति** ४.१.४ः अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिकीकरण गर्ने र निजी क्षेत्रलाई प्रोत्साह र सहयोग गरिनेछ । | | | | | | |
| ४.१.४.१ | अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिकीकरण गर्ने निजी क्षेत्रलाई प्रोत्साह र सहयोग हुने गरी प्रादेशिक कानुन तर्जुमा गरी कार्यान्वयन गर्ने । | मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | दोस्रो वर्ष | प्रादेशिक कानुन कार्यान्वयनबाट अनौपचारिक क्षेत्र औपचारिकीकरणका लागि उत्साहित भएको हुने । | क, ख |
| **कार्यनीति** ४.१.५ः सूचना प्रविधिमा आधारित पेसा/रोजगारी विस्तारमा अनुकूल वातावरण निर्माण तथा सहजीकरण गरिनेछ । | | | | | | |
| ४.१.५.१ | सूचना प्रविधिमा आधारित पेसा/रोजगारी विस्तारका लागि सम्बद्ध पेसाकर्मी, विज्ञहरुसँग परामर्श गोष्ठी आयोजना गर्ने | श्रम तथा रोजगार शाखा | मन्त्रालय | दोस्रो वर्ष | परामर्श गोष्ठीबाट सुझाव तथा निष्कर्ष प्राप्त भएको हुने । | क |
| ४.१.५.२ | गोष्ठीबाट प्राप्त सुझाव तथा निष्कर्षका आधारमा पेसा विस्तारका लागि आवश्यक सहजीकरण प्रकृया अगाडी बढाउने । | श्रम तथा रोजगार शाखा | मन्त्रालय | दोस्रो वर्ष | सहजीकरण कार्यको शुरुआत भएको हुने । | क |
| **रणनीति ४.२: स्थानीय श्रोत साधनको उपयोग र रोजगारमूलक क्षेत्रमा लगानी प्रोत्साहन गर्ने ।** | | | | | | |
| **कार्यनीति** ४.२.१ः स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको परिचालनबाट रोजगारी श्रृजना हुन सक्ने भए त्यस्तो सम्भावनाको पहिचान गरिनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२.१.१ | स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको परिचालनबाट रोजगारी श्रृजना गर्न सकिने सम्भाव्यताबारे अध्ययन गर्ने । | मन्त्रालय | सम्बद्ध विज्ञ टोली | पहिलो वर्ष | अध्ययन प्रतिवेदन प्राप्त भै सुझाव कार्यान्वयन भएको हुने । | क |
| **कार्यनीति ४.२.२ः** लघु, घरेलु तथा साना उद्योगमा लगानीका लागि पुँजी अभाव हुन नदिन प्रदेश लगानी कोष खडा गरिनेछ र बैंक तथा वित्तीय संस्थासँग सम्झौता गरी त्यसको परिचालनको व्यवस्था मिलाईनेछ । | | | | | | |
| ४.२.२.१ | प्रदेश लगानी कोषको स्थापना गर्ने । | मन्त्रालय | आर्थिक मामिला मन्त्रालय | दोस्रो वर्ष | प्रदेश लगानी कोषको भएको हुने । | क, ख |
| ४.२.२.२ | कोष परिचालन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | मन्त्रालय | कानुन मन्त्रालय | दोस्रो वर्ष | कार्यविधि स्वीकृत भै कार्यान्वयनमा आएको हुने । | क, ख |
| ४.२.२.३ | बैंक तथा वित्तीय संस्थासँग सम्झौता गरी कोष परिचालनको व्यवस्था गर्ने । | मन्त्रालय | बैंक तथा वित्तीय संस्थाहरु | दोस्रो वर्ष र निरन्तर | लघु, घरेलु तथा साना उद्योगमा लगानीका लागि पुँजी व्यवस्थापन भएको हुने । | क, ख |
| **कार्यनीति ४.२.३ः** लघु, घरेलु तथा साना उद्योगको विकासमा युवाको आकर्षण बढाउन स्थानीय तहसँग सहकार्य गरिनेछ । | | | | | | |
| ४.२.३.१ | स्थानीय तहसँग सहकार्यको मोडालिटी तयार गरी कार्यान्वयन गर्ने । | मन्त्रालय | गाउँ/नगरपालीकाहरु | दोस्रो वर्ष र निरन्तर | लघु, घरेलु तथा साना उद्योगको विकासमा युवाको आकर्षण बढेको हुने | क, ग |
| **रणनीति ४.३ः बैंक तथा बित्तीय संस्थाको लगानी रोजगारमूलक क्षेत्रमा परिचालन गर्ने ।** | | | | | | |
| **कार्यनीति ४.३.१ः** सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालन गर्न सहजीकरण गरिनेछ । | | | | | | |
| ४.३.१.१ | बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालय नभएका स्थानीय तहको पहिचान गर्ने । | मन्त्रालय | गाउँ/नगरपालीकाहरु | पहिलो वर्ष | बैंक तथा वित्तीय संस्था नरहेका स्थानीय तहको पहिचान भएको हुने । | क, ग |
| ४.३.३.२ | पहिचान भएका स्थानीय तहमा शाखा कार्यालय सञ्चालनका लागि बैंक तथा | मन्त्रालय | बैंक तथा वित्तीय संस्थाहरु | पहिलो वर्ष | सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालय सञ्चालनमा आएको हुने । | ख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वित्तीय संस्थाहरुलाई लिखित अनुरोध गर्ने । | | | | | |
| **कार्यनीति** ४.३.२ः रोजगारी श्रृजनामा योगदान गर्ने परियोजनामा ऋण प्रवाहलाई प्राथमिकता दिन बैंक तथा वित्तीय संस्थालाई सहयोग पुग्ने नीतिगत तथा कानूनी व्यवस्था कार्यान्वयनमा ल्याईनेछ । | | | | | | |
| ४.३.२.१ | व्यावसायिक योजनाका आधारमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने सम्बन्धी प्रादेशिक नीति तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्रालय | पहिलो वर्ष र निरन्तर | नीति तथा निर्देशिका स्वीकृत भै कार्यान्वयनमा आएको हुने । | क, ख |
| **कार्यनीति** ४.३.३ः स्थानीय सम्भावनाको आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाह गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वयन गरिनेछ । | | | | | | |
| ४.३.३.१ | प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाह गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरुसँग नियमित परामर्श तथा बैठकको आयोजना गर्ने । | श्रम तथा रोजगार शाखा | मन्त्रालय | पहिलो वर्ष र निरन्तर | प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाहरु तयार भएको हुने । | क |
| **कार्यनीति** ४.३.४ः स्थानीय बचत तथा ऋण सहकारीको प्रवर्द्धनमा सहायक हुने नीति कार्यान्वयनमा ल्याईनेछ । | | | | | | |
| ४.३.४.१ | बचत तथा ऋण सहकारीको प्रवर्द्धनमा सहायक हुने नीति तर्जुमा गरी कार्यान्वयन गर्ने । | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्रालय | पहिलो वर्ष र निरन्तर | नीति कार्यान्वयनमा आई बचत तथा ऋण सहकारीको प्रवर्द्धनमा सहयोग पुगेको हुने । | ख |
| **कार्यनीति** ४.३.५ः व्यवसाय सुरु गर्न चाहने व्यक्तिलांई बैंक तथा वित्तीय संस्थाले व्यवसायिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ । | | | | | | |
| ४.३.५.१ | बैंक तथा वित्तीय संस्थालाई व्यवसायिक परामर्श सेवा उपलब्ध गराउन लिखित अनुरोध तथा समन्वय गर्ने । | मन्त्रालय | बैंक तथा वित्तीय संस्थाहरु | पहिलो वर्ष र निरन्तर | व्यवसाय सुरु गर्न चाहने व्यक्तिलांई बैंक तथा वित्तीय संस्थाले व्यवसायिक परामर्श सेवा प्रदान गरेको हुने । | ख |
| **कार्यनीति** ४.३.६ः सहकारीहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.३.६.१ | सहकारीहरुको अनुगमन र नियमन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने | श्रम तथा रोजगार शाखा | मन्त्रालय | दोस्रो वर्ष र नियमित | सहकारीहरुको प्रभावकारी अनुगमन र नियमन भएको हुने । | क |
| **रणनीति** ४.४ः महिला, पिछडिएका वर्ग, समुदाय तथा क्षेत्रका व्यक्तिको रोजगारीका अवसर अभिवृद्धी गर्ने । | | | | | | |
| **कार्यनीति** ४.४.१ः महिला, अपाङ्गता भएका व्यक्ति र पिछडिएका वर्ग, समुदायलाई उद्यममा लाग्न प्रेरित गर्ने गरी नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ । | | | | | | |
| ४.४.१.१ | उद्यमशीलता विकास तथा स्वरोगार मार्फत महिला, अपाङ्गता भएका व्यक्ति र पिछडिएका वर्ग, समुदायको आर्थिक सशक्तीकरण सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने | मन्त्रालय | निजी क्षेत्र तथा विकास साझेदारहरु | दोस्रो वर्ष र निरन्तर | प्रादेशिक नीतिका आधारमा कार्यक्रम तर्जुमा गरी विकास साझेदारसँगको सहकार्यमा कार्यान्वयन भएको हुने । | क, ख, घ |
| **कार्यनीति** ४.४.२ः लक्षित वर्गलाई रोजगार तथा स्वरोजगारमूलक कार्यका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थासँग समन्वय गरिनेछ । | | | | | | |
| ४.४.२.१ | स्वरोजगारमूलक कार्यका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाको परिचालन गर्ने । | मन्त्रालय | बैंक तथा वित्तीय संस्थाहरु र विकास साझेदारहरु | पहिलो वर्ष र निरन्तर | स्वरोजगारमूलक कार्यका लागि सहुलियतपूर्ण कर्जा प्रवाह भएको हुने । | क, ख, घ |
| **कार्यनीति** ४.४.३ः प्रदेश महिला उत्थान कार्यक्रम सञ्चालन गरी महिलालाई पेसा व्यवसायमा लाग्न प्रोत्साहन गरिनेछ । | | | | | | |
| ४.४.३.१ | प्रदेश महिला उत्थान कार्यक्रम सञ्चालन र व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | मन्त्रालय | विकास साझेदारहरु | पहिलो वर्ष र निरन्तर | प्रदेश महिला उत्थान कार्यक्रमबाट महिलाहरु लाभान्वित भएको हुने । | क, घ |
| **कार्यनीति** ४.४.४ः युवालाई नवप्रवर्तनका लागि नवप्रवर्तन कोषका साथै सरल र सुलभ कर्जा प्रवाहको व्यवस्था गरिनेछ । | | | | | | |
| ४.४.४.१ | प्रदेश लगानी कोष अन्तर्गत युवालक्षित नवप्रवर्तन कार्यका लागि सरल र सुलभ कर्जा प्रवाहको व्यवस्था गर्ने । | मन्त्रालय | बैंक तथा वित्तीय संस्थाहरु र निजी क्षेत्र | दोस्रो वर्ष र निरन्तर | नवप्रवर्तन कार्यका लागि सरल र सुलभ रुपमा कर्जा प्रवाह भएको हुने । | क, ख |
| **कार्यनीति** ४.४.५ः लक्षित वर्गलाई उद्यम तथा व्यवसाय सुरु गर्न सहयोग पुर्याउनका लागि प्रदेश लगानी कोषमा निश्चित रकम लक्षित वर्ग उत्थानमा लगानी हुने व्यवस्था गरी बैंक तथा वित्तीय संस्थाको सहयोगमा ऋण प्रवाह गरिनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.४.५.१ | बैंक तथा वित्तीय संस्थाहरुको Corporate Social Responsibility-CSR अन्तर्गत ऋण प्रवाहको व्यवस्था गर्ने । | मन्त्रालय | बैंक तथा वित्तीय संस्थाहरु | दोस्रो वर्ष र निरन्तर | CSR अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरुले ऋण प्रवाह गरेको हुने । | ख |
| **कार्यनीति ४.४.६ः** रोजगारीको अवसर उपलब्ध गराउँदा महिला, पिछडिएका वर्ग, अल्पसंख्यक, अतिविपन्नलाई प्राथमिकता दिने गरी कानुनी व्यवस्था गरिनेछ । | | | | | | |
| ४.४.६.१ | रोजगारीमा महिला, पिछडिएका वर्ग, अल्पसंख्यक, अतिविपन्नलाई प्राथमिकता दिने गरी तथा नीतिगत कानुनी व्यवस्था गर्ने । | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्रालय | दोस्रो वर्ष र निरन्तर | नीतिगत कानुनी व्यवस्था कार्यान्वयनमा आएको हुने । | ख |
| **रणनीति ४.५ः अति विपन्न समुदायलाई आयमूलक तथा रोजगारमूलक काममा लाग्न सहयोग प्रदान गर्ने ।** | | | | | | |
| **कार्यनीति ४.५.१ः** अति विपन्न समुदायको पहिचान गरी स्थानीय प्राकृतिक स्रोतको प्रयोगमा अग्राधिकार प्रदान गर्दै आयआर्जनतर्फ लाग्न अनुकूल वातावरण सिर्जना गरिनेछ । | | | | | | |
| ४.५.१.१ | अति विपन्न समुदायको पहिचानसम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने | मन्त्रालय | पालिका तथा वडाहरु | पहिलो वर्ष | अति विपन्न समुदायको पहिचान भएको हुने । | ग |
| ४.५.१.२ | मापदण्डका आधारमा पहिचान गरिएका अति विपन्न समुदायका परिवारलाई वडास्तरबाट परिचयपत्रको व्यवस्था गर्ने | पालिका तथा वडाहरु | मन्त्रालय | पहिलो वर्ष | वडा कार्यालयबाट पहिचान गरिएका विपन्न समुदायका परिवारलाई परिचयपत्र प्रदान गरेको हुने । | ग |
| ४.५.१.३ | हैसयत बिग्रएका वन, नदी उकास क्षेत्र, चरिचरन क्षेत्र, प्रयोगमा नआएका सार्वजनिकस्थल आदिमा कबुलियती वन, जडिबुटी खेती तथा अन्य रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्नका लागि विपन्नलाई अवसर प्रदान गर्न कानुनी व्यवस्था गर्ने । | मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | पहिलो वर्ष | तोकिएका क्षेत्रमा रोजगारीमूलक कार्यक्रम सञ्चालनमा विपन्नलाई अवसर प्रदान गर्न कानुनी व्यवस्था कार्यान्वयन भएको हुने । | ख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.५.१.४ | प्रदेशका ठूला परियोजनाहरुमा अति विपन्नलाई लक्षित गरी प्राथमिकताका साथ रोजगारी प्रदान गर्न कानुनी व्यवस्था गर्ने । | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्रालय | पहिलो वर्ष | ठूला परियोजनाहरुमा अति विपन्न परिवारका सदस्यहरुले रोजगारी प्राप्त गरेको हुने । | ख |
| **कार्यनीति ४.५.२:** विपन्न समुदायका सदस्यले सञ्चालन गरेका आयआर्जनका कार्यमा निःशुल्क व्यवसाय वीमाको कार्यक्रम लागू गरिनेछ । | | | | | | |
| ४.५.२.१ | व्यवसायको निःशुल्क वीमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | मन्त्रालय | वीमा कम्पनीहरु | दोस्रो वर्ष र निरन्तर | कार्यक्रमबाट विपन्न समुदायका सदस्यहरुले लाभ लिएको हुने । | क, ख |
| **कार्यनीति ४.५.३:** अति विपन्न समुदायका लागि छोटो तथा मध्यम समयका सीप विकास तालिम तथा प्राविधिक शिक्षामा निःशुल्क पहुँच उपलब्ध गराइनेछ । | | | | | | |
| ४.५.३.१ | अति विपन्न समुदायका लागि सीप विकास तालिममा निशुल्क सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | मन्त्रालय | तालिम प्रदायक संस्थाहरु | पहिलो वर्ष र निरन्तर | कानुनको कार्यान्वयनबाट अति विपन्न समुदायका व्यक्तिले निशुल्क रुपमा सीप विकास तालिममा सहभागी भएको हुने | क, ख |
| ४.५.३.२ | अति विपन्न समुदायका विद्यार्थीहरुका लागि प्राविधिक शिक्षा छात्रवृत्ति सहायता कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | मन्त्रालय | CTEVT | पहिलो वर्ष र निरन्तर | प्राविधिक शिक्षा छात्रवृत्ति सहायता कार्यक्रम कार्यान्वयनमा आएको हुने । | क, ख |
| ४.५.३.३ | अति विपन्न समुदायका उत्पादन र सेवालाई सरकारी निकायहरुले प्राथमिकताका साथ उपयोग गर्ने नीति तथा कानुनी व्यवस्था गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्रालय | दोस्रो वर्ष र निरन्तर | सरकारी निकायहरुमा अति विपन्न समुदायका उत्पादन र सेवालाई प्राथमिकताका साथ उपयोग गरेको हुने | ख |
| **रणनीतिक स्तम्भ-५ : वैदेशिक रोजगार व्यवस्थापनमा सहयोग** | | | | | | |
| **रणनीति ५.१: वैदेशिक रोजगारीमा जाने श्रमिकको क्षमता अभिवृद्धी, सुरक्षा तथा परिवारका सदस्यहरुको हित र कल्याणमा सहयोग गर्ने ।** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **कार्यनीति ५.१.१ः** प्रदेशको वैदेशिक रोजगार प्रोफाईल (वैदेशिक रोजगारीमा रहेका, फर्किएका व्यक्ति र उनीहरुले हासिल गरेका सीप समेत) तयार गरी तथ्यमा आधारित नीति तथा कार्यक्रमहरु तर्जुमा गरिनेछ । | | | | | | |
| ५.१.१.१ | प्रदेशको वैदेशिक रोजगार प्रोफाईल तयार गर्ने । | श्रम तथा रोजगार शाखा | वैदेशिक रोजगार विभाग, वोर्ड तथा अन्य सम्बद्ध निकाय | पहिलो वर्ष | प्रदेशको वैदेशिक रोजगार प्रोफाईल तयार भएको हुने । | क, ग |
| ५.१.१.२ | प्रोफाईलको आधारमा प्रदेश नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने | श्रम तथा रोजगार शाखा | मन्त्रालय | पहिलो वर्ष | प्रदेश नीति तथा कार्यक्रम स्वीकृत भै कार्यान्वयनमा आएको हुने । | क |
| **कार्यनीति ५.१.२ः** वैदेशिक रोजगारीमा जान चाहने श्रमिकलाई सूचना, सीप तालिम र सचेतना मार्फत क्षमता अभिवृद्धि गरिनेछ । | | | | | | |
| ५.१.२.१ | प्रदेश र स्थानीय तहको सहकार्यमा वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्रमार्फत् सूचना तथा परामर्श सेवा प्रदान गर्ने । | मन्त्रालय | पालिका तथा विकास साझेदारहरु | पहिलो वर्ष र निरन्तर | वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्रमार्फत् सूचना तथा परामर्श सेवा प्रदान गरेको हुने । | क, ग |
| ५.१.२.२ | वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई मागका आधारमा कामको प्रकृति अनुसारको आधारभूत सीप तालिम प्रदान गर्ने । | मन्त्रालय | सीप तालिम प्रदायक संस्थाहरु | पहिलो वर्ष र निरन्तर | वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुले कामको प्रकृति अनुसारको आधारभूत सीप तालिम पाएको हुने । | क, ख |
| ५.१.२.३ | स्थानीय तहबाट पूर्वप्रस्थान अभिमुखीकरण तालिमको सञ्चालनको व्यवस्था गर्ने । | श्रम तथा रोजगार शाखा | वै. रो. सूचना तथा परामर्श केन्द्र/रोजगार सूचना केन्द्र | दोस्रो वर्ष र निरन्तर | प्रमुख गन्तव्य मुलुकहरु लक्षित निशुल्क अभिमुखीकरण तालिम सञ्चालनमा आएको हुने । | क, ग |
| ५.१.२.४ | स्थानीय तहसँगको सहकार्यमा वैदेशिक रोजगारीमा संलग्न परिवारका सदस्यलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने । | श्रम तथा रोजगार शाखा | गाउँ/नगरपालिकाहरु | पहिलो वर्ष र निरन्तर | वित्तीय साक्षरता कार्यक्रम सञ्चालन भएको हुने । | क, ग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.१.२.५ | वैदेशिक रोजगारमा हुने ठगी लगायत सुरक्षित वैदेशिक रोजगारका लागि विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । | श्रम तथा रोजगार शाखा | पालिका, सूचना केन्द्र र माध्यामिक विद्यालयहरु | पहिलो वर्ष र निरन्तर | माध्यामिक विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएको हुने । | क, ग |
| **कार्यनीति ५.१.३**: वैदेशिक रोजगारका क्रममा समस्यामा परेका व्यक्ति तथा निजको परिवारका सदस्यलाई संरक्षण, उद्धार तथा राहत वा क्षतिपूर्तिका लागि सम्बद्ध निकायसँग समन्वय एव सहकार्य गरिनेछ । | | | | | | |
| ५.१.३.१ | अलपत्र परेका श्रमिक तथा मृत्यु भै अलपत्र परेको शवलाई नेपाल झिकाउन र घर ठेगानासम्म पुरयाउन सहयोग गर्ने । | श्रम तथा रोजगार शाखा | वैदेशिक रोजगार वोर्डको सचिवालय, कन्सुलर विभाग | पहिलो वर्ष र निरन्तर | मृतक तथा पीडितको उद्धार भएको हुने । | ग |
| ५.१.३.२ | दूर्घटनामा परी अंगभंग भएका, गम्भिर प्रकृतिको विरामीलाई स्वदेश झिकाउन आवश्यक समन्वय तथा सहजीकरण गर्ने । | श्रम तथा रोजगार शाखा | वैदेशिक रोजगार वोर्डको सचिवालय | पहिलो वर्ष र निरन्तर | पीडित श्रमिकको द्रूत उद्धार भएको हुने । | ग |
| ५.१.३.३ | मृत्यु, अंगभंग, स्वास्थय् उपचार वापत नियमानुसार पाउने क्षतिपूर्ति वा राहतका साथै वीमा रकम तथा शैक्षिक छात्रवृत्तिका लागि समन्वय तथा सहजीकरण गर्ने । | श्रम तथा रोजगार शाखा | वैदेशिक रोजगार वोर्डको सचिवालय | पहिलो वर्ष र निरन्तर | पीडित तथा तिनका परिवारले नियमानुसारको क्षतिपूर्ति वा राहत रकम प्राप्त गरेको हुने । | ग |
| ५.१.३.४ | अभिभावक वैदेशिक रोजगारमा गएका कारण समस्यामा परेका बालबच्चाको लालनपालन तथा शिक्षाका लागि पहल गर्ने । | श्रम तथा रोजगार शाखा | वैदेशिक रोजगार वोर्डको सचिवालय | पहिलो वर्ष र निरन्तर | बोर्डसँगको साझेदारीमा कार्यक्रम सञ्चालनमा आएको हुने । | ग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.१.३.५ | वैदेशिक रोजगारको क्रममा ठगीमा परेको व्यक्तिलाई न्यायमा पहुँच अभिवृद्धिका लागि सहजीकरण गर्ने । | श्रम तथा रोजगार शाखा | वैदेशिक रोजगार विभाग | पहिलो वर्ष र निरन्तर | वैदेशिक रोजगारको क्रममा ठगीमा परेको पीडितले न्याय पाएको हुने । | ग |
| **कार्यनीति ५.१.४:** स्थानीय तहहरुसँगको सहकार्यमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति र तिनका परिवारको सामाजिक पुनःएकीकरण, पुनःस्थापना तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ । | | | | | | |
| ५.१.४.१ | पुनरएकीकरण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | श्रम तथा रोजगार शाखा | स्थानीय तह र विकास साझेदारहरु | पहिलो वर्ष र निरन्तर | वैदेशिक रोजगारीमा पीडितले कार्यक्रमबाट लाभ लिएको हुने । | क, ग, घ |
| **कार्यनीति ५.१.५:** अप्ठ्यारोमा परेर फर्केका श्रमिक तथा निजको परिवारलाई सहयोग उपलब्ध गराउनका लागि प्रदेशमा वैदेशिक रोजगार राहत कोष स्थापना गरिनेछ । | | | | | | |
| ५.१.५.१ | बागमती प्रदेश वैदेशिक रोजगार पीडित राहत कोष स्थापना गर्ने । | मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | पहिलो वर्ष | बागमती प्रदेश वैदेशिक रोजगार पीडित राहत कोष स्थापना भएको हुने । | क, ख |
| ५.१.५.२ | कोषको सञ्चालन तथा व्यवस्थापन निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने | मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | दोस्रो वर्ष र निरन्तर | कोषबाट पीडितले आर्थिक राहत प्राप्त गरेको हुने । | क |
| **रणनीति ५.२: वैदेशिक रोजगार सम्बन्धी सहयोगी सेवाहरु प्रदेशस्तरबाट उपलब्ध गराउन आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्ने ।** | | | | | | |
| **कार्यनीति ५.२.१:** वैदेशिक रोजगारमा जान चाहने कामदारलाई स्थानीय तहमा नै आधारभूत सूचना प्रदान गर्नका लागि प्रत्येक स्थानीय तहमा वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न सहजीकरण र सहयोग गरिनेछ । | | | | | | |
| ५.२.१.१ | मागका आधारमा प्रत्येक स्थानीय तहमा वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने । | मन्त्रालय | गाउँ/नगरपालिका, विकास साझेदार | पहिलो वर्ष र निरन्तर | स्थानीय तहमा वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्र सञ्चालन भएको हुने | क, ग |
| ५.२.१.२ | सूचना तथा परामर्श केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | श्रम तथा रोजगार शाखा | मन्त्रालय | पहिलो वर्ष र निरन्तर | कार्यविधि कार्यान्वयनमा आएको हुने । | क |
| **कार्यनीति ५.२.२:** श्रमिकले विदेशमा गएर गर्ने काम अनुसारको तालिम प्रदेशस्तरमा नै उपलब्ध गराउन वैदेशिक रोजगार लक्षित तालिम केन्द्र स्थापना गरिनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.२.२.१ | वैदेशिक रोजगार लक्षित आधारभूत सीप तालिमका लागि एउटा नमूना तालिम केन्द्र स्थापना गरी सञ्चालन गर्ने । | मन्त्रालय | CTEVT तथा सम्बद्ध निकायहरु | पहिलो वर्ष र निरन्तर | नमूना तालिम केन्द्र स्थापना भै सञ्चालनमा आएको हुने । | क, ख |
| **कार्यनीति ५.२.३:** प्रदेशका विभिन्न स्थानबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति उपलब्ध गराउन नेपाल सरकारसँग समन्वय गरिनेछ । | | | | | | |
| ५.२.३.१ | प्रदेशका विभिन्न स्थानबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने | मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | पहिलो वर्ष | नेपाल सरकारको निर्णयानुसार थप प्रकृया अगाडी बढेको हुने । | ग |
| **कार्यनीति ५.२.४:** वैदेशिक रोजगार सूचना प्रणालीमा बागमती प्रदेशबाट वैदेशिक रोजगारमा गएका तथा फर्किआएका श्रमिकको एकीकृत विवरण नियमित अध्यावधिक हुने र त्यसको जानकारी स्वचालित प्रविधिबाट हुने व्यवस्था मिलाउन नेपाल सरकारसँग समन्वय गरिनेछ । | | | | | | |
| ५.२.४.१ | वैदेशिक रोजगार विभागको FEIMS र मन्त्रालयको BPLIMS बीच API Link गर्ने । | मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | दोस्रो वर्ष | वैदेशिक रोजगारबारे आधिकारिक सूचना तथा एकीकृत विवरण नियमित तथा अद्यावधिक भएको हुने । | ग |
| **रणनीति ५.३: वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी, सीप, अनुभव र प्रविधिलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने ।** | | | | | | |
| **कार्यनीति ५.३.१:** वैदेशिक रोजगारबाट प्रदेशमा भित्रिने विप्रेषण उत्पादनशील एवं रोजगारमूलक क्षेत्रमा परिचालन गर्ने नीति अवलम्वन गरिनेछ । | | | | | | |
| ५.३.१.१ | उत्पादनशील एवं रोजगारमूलक क्षेत्रमा विप्रेषणको लगानीका लागि नीतिगत तथा आकर्षक प्रतिफलको सुनिश्चितता हुने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने । | मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | पहिलो वर्ष | लगानीको आकर्षक प्रतिफलको सुनिश्चितता सहित नीतिगत तथा कार्यक्रम कार्यान्वयन भएको हुने । | क |
| **कार्यनीति ५.३.२:** वैदेशिक रोजगारका क्रममा सिकेको सीपको सीप परीक्षणका लागि आवश्यक सहयोग र सहजीकरण गरिनेछ । | | | | | | |
| ५.३.२.१ | सीप परीक्षणका लागि NSTB सँग सम्झौता तथा सहकार्य गर्ने । | श्रम तथा रोजगार शाखा | NSTB | पहिलो वर्ष | विदेशमा सिकेको सीप NSTB बाट नियमित रुपमा सीप परीक्षण भई प्रमाणीकरण भएको हुने । | ख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **कार्यनीति ५.३.३**: श्रमिकले वैदेशिक रोजगारको क्रममा प्राप्त गरेको अनुभव, सीप तथा प्रवधिको रेकर्ड राख्ने र त्यसको उपयोग गरिनेछ । यस्तो सीप स्थानीयस्तरमा समेत हस्तान्तरणका लागि प्रोत्साहित गरिनेछ । | | | | | | |
| ५.३.३.१ | वैदेशिक रोजगार प्रोफाईलमा फर्किएकाहरुको अनुभव, सीप तथा प्रविधिको विवरण समावेश गर्ने । | श्रम तथा रोजगार शाखा | पालिका तथा सूचना केन्द्रहरु | दोस्रो वर्ष | वैदेशिक रोजगार प्रोफाईलमा विवरण समावेश गरेको हुने । | क, ग |
| ५.३.३.२ | स्थानीय स्तरमा उपयोगी सीप हस्तान्तरणका लागि त्यस्ता व्यक्तिलाई सीप तालिममा स्रोत व्यक्तिको रुपमा सहभागी गराउने । | श्रम तथा रोजगार शाखा | सीप तालिम प्रदायक संस्थाहरु | दोस्रो वर्ष र निरन्तर | स्थानीय स्तरमा उपयोगी सीप हस्तान्तरणका लागि त्यस्ता व्यक्तिलाई सीप तालिममा स्रोत व्यक्तिको रुपमा सहभागी गराउने | क, ख |
| **कार्यनीति ५.३.४**: वैदेशिक रोजगारमा कम्तीमा दुई वर्ष व्यतीत गरी फर्किका श्रमिकहरुलाई वैदेशिक रोजगारसम्बन्धी सूचना प्रवाह, प्रशिक्षण तथा रिटर्नी स्वयंसेवकलगायतका कार्यमा प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ । | | | | | | |
| ५.३.४.१ | सूचना तथा परामर्श केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधिमा समावेश गरी कार्यान्वयन गर्ने । | श्रम तथा रोजगार शाखा | मन्त्रालय | पहिलो वर्ष र निरन्तर | कार्यविधि कार्यान्वयनमा आएको हुने । | क |
| **कार्यनीति ५.३.५**: वैदेशिक रोजगारमा सिकेका सीपमा आधारित व्यवसाय वा उद्यम सञ्चालन गर्न चाहने वा वैदेशिक रोजगारबाट फर्किएका श्रमिकले आफूले आर्जन गरेको आम्दानी रोजगारमूलक क्षेत्रमा लगानी गर्न चाहेमा व्यवसायको क्षमता तथा आवश्यकता हेरी (परियोजना स्किममा आधारित रही) ५० प्रतिशतसम्म ब्याज अनुदानसहितको सहुलियतपूर्ण कर्जा प्रदान गरिनेछ । | | | | | | |
| ५.३.५.१ | प्रदेश लगानी कोष तथा वैदेशिक रोजगार पीडित राहत कोष सञ्चालन तथा व्यवस्थापन निर्देशकामार्फत् सम्बोधन गर्ने । | श्रम तथा रोजगार शाखा | मन्त्रालय | पहिलो वर्ष र निरन्तर | कार्यविधि कार्यान्वयनमा आएको हुने । | क |
| **कार्यनीति ५.३.६**: वैदेशिक रोजगारमा प्राप्त सीपमा आधारित उद्योग सञ्चालन गर्न चाहनेलाई स्किम निर्माण, बजार सर्वेक्षण तथा अन्य व्यवसायीसँग अनुभव प्राप्त गरी उद्यम स्थापनाको चरणसम्म पुर्याउन सहजीकरण गरिनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.३.६.१ | वैदेशिक रोजगारमा प्राप्त सीपमा आधारित उद्योग सञ्चालन गर्न चाहनेहरुका लागि उद्यमशीलता विकास तालीम सञ्चालन गर्ने । | श्रम तथा रोजगार शाखा | तालिम प्रदायक संस्थाहरु, विकास साझेदारहरु | दोस्रो वर्ष र निरन्तर | उद्यमशीलता विकास तालिममार्फत् आवश्यक सहजीकरण भएको हुने | क, ख |
| **कार्यनीति ५.३.७:** वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने व्यवसायमा छुट तथा सहुलियत प्रदान गर्न कानुनी व्यवस्था गरिनेछ । | | | | | | |
| ५.३.७.१ | पुनरएकीकरण कार्यक्रम सञ्चालन कार्यविधि मार्फत् कर छुट तथा सहुलियतको व्यवस्था गर्ने । | मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | दोस्रो वर्ष | वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने व्यवसायमा छुट तथा सहुलियत प्राप्त गरेको हुने | क, ख |
| **कार्यनीति ५.३.८:** वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारले सञ्चालन गर्ने उद्यम व्यवसायलाई वैदेशिक रोजगारमा गएका श्रमिकले पाउने सरहको सुविधा नै प्रदान गरिनेछ | | | | | | |
| ५.३.८.१ | पुनरएकीकरण कार्यक्रम सञ्चालन कार्यविधिमा वैदेशिक रोजगारीमा संलग्न श्रमिकको परिवारले गर्ने उद्यम तथा व्यवस्थालाई समेत समेट्ने व्यवस्था गर्ने | मन्त्रालय | प्रदेश सरकार, नीति तथा योजना आयोग, प्रदेश आर्थिक मामिला मन्त्रालय | पहिलो वर्ष | वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारले सञ्चालन गर्ने उद्यम व्यवसायलाई सहुलियत तथा छुटको व्यवस्था भएको हुने । | क |
| **रणनीति ५.४: बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्ने ।** | | | | | | |
| **कार्यनीति ५.४.१:** आगामी दश वर्षमा आन्तरिक रोजगारीको वृद्धि गरी वैदेशिक रोजगारीलाई बाध्यात्मक अवस्थाबाट छनोटको अवस्थामा पुर्याईनेछ । | | | | | | |
| ५.४.१.१ | दोस्रो चरणको ५ वर्षे रणनीतिक योजनामा यस विषयलाई प्राथिमकतामा राख्ने । | मन्त्रालय | नेपाल सरकार | पाँचौ वर्ष | आगामी दश वर्षमा वैदेशिक रोजगारीलाई बाध्यात्मक अवस्थाबाट छनोटको अवस्थामा पुगेको हुने । | ख, ग |
| **कार्यनीति ५.४.२:** पटक पटक वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्न आर्थिक तथा सामाजिक विप्रेषण (सीप, ज्ञान र पूँजी आदि) को आयआर्जन तथा रोजगारीमूलक क्षेत्रमा परिचालन गरिनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.४.२.१ | व्यावसायिक तथा सीप विकास र उद्यमशीलतासम्बन्धी कार्यक्रमहरु नतिजामुखी हुने गरी कडाईका साथ कार्यान्वयन गर्न कानुन तर्जुमा गरी कार्यान्वयन गर्ने । | मन्त्रालय | विषयगत मन्त्रालय तथा स्थानीय तह | पहिलो वर्ष र निरन्तर | पटक पटक वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्न आर्थिक तथा सामाजिक विप्रेषणको आयआर्जन तथा रोजगारीमूलक क्षेत्रमा परिचालन भएको हुने । | ख, ग |
| **कार्यनीति ५.४.३:** मानव संसाधन विकासको दीर्घकालीन योजना कार्यान्वयन गरी दक्ष तथा सीपयुक्त व्यक्ति मात्र वैदेशिक रोजगारीमा जाने अवस्थाको श्रृजना गरिनेछ | | | | | | |
| ५.४.३.१ | मानव संसाधन विकासको दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्रालय | पहिलो वर्ष र निरन्तर | मानव संसाधन विकासको दीर्घकालीन योजना स्वीकृत भै कार्यान्वयनमा आएको हुने । | क, ख |
| **कार्यनीति ५.४.४:** विश्व श्रम बजारमा श्रमिकको माग तथा आपूर्तिको अवस्थासमेतको आधारमा आन्तरिक श्रम बजारको विकास गर्दै लगिनेछ । | | | | | | |
| ५.४.४.१ | विश्व श्रम बजारमा श्रमिकको माग तथा आपूर्तिको अवस्थाबारे नियमित अध्ययन तथा अनुसन्धान गर्ने । | मन्त्रालय | विज्ञहरु | पहिलो वर्ष र निरन्तर | सुझाव सहितको अध्ययन प्रतिवेदन प्राप्त भएको हुने । | क |
| ५.४.४.२ | अध्ययन प्रतिवेदनका सुझावहरु कार्यान्वयन तहमा लाने । | मन्त्रालय | सरोकारवाला निकायहरु | पहिलो वर्ष र निरन्तर | प्रतिवेदनको सुझावका आधारमा आन्तरिक श्रम बजारको विकास भएको हुने । | क |

## अनुसूची-२

## नतिजा खाका तथा विषयक्षेत्रगत सूचक

| क्र.सं. | नतिजा सूचक | एकाई | आधार वर्ष (आ.ब. २०८१।०८२) को उपलब्धी | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | २०८६।०८७ |
| (१) | मुख्यमन्त्री रोजगार कार्यक्रमबाट न्यूनतम् रोजगारी प्राप्त गर्ने | संख्या | - | - | २५०० | २५०० | २५०० | २५०० |
| (२) | स्थानीय श्रोतमा आधारित नवीन उद्यमको पहिचान गरी तालिम सञ्चालन गर्ने | संख्या | - | - | ५ | - | - | - |
| (३) | आधुनिक सूचना प्रविधिको सञ्चालनबारे प्रशिक्षण सञ्चालन | संख्या | | २० | २० | २० | २० | २० |
| (४) | मौलिक सीपमा आधारित नेपाली कलाको प्रचार प्रसारका लागि वृहत्त औद्योगिक प्रदर्शनी तथा मेलाको आयोजना गर्ने | पटक | - | - | १ | १ | १ | १ |
| (५) | उद्यमशीलता मार्फत् स्थानीय तहमा रोजगारी सिर्जना गर्न चाहनेलाई प्रोत्साहित गर्न सहुलियत दरमा ऋण वा वस्तुगत सहायता उपलब्ध गराउने | जना | - | - | २५० | २५० | २५० | २५० |
| (६) | प्रदेशस्तरीय नमूना तालिम केन्द्रको स्थापना र सञ्चालन | संख्या | - | - | - | ५ | - | - |
| (७) | आधुनिक तथा व्यावसायिक कृषिमा युवाहरुलांई आकर्षित गर्ने | संख्या | - | १००० | १००० | १००० | १००० | १००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (८) | व्यावसायिक परामर्श सेवा तथा सहजीकरणका लागि एप निर्माण गरी सञ्चालनमा ल्याउने | पटक | - | - | १ | - | - | - |
| (९) | अनलाईन सफ्टवेयर निर्माण गरी सञ्चालनमा ल्याउने | पटक | - | - | १ | - | - | - |
| (१०) | आन्तरिक श्रम बजारमा बढी माग भएका विषयमा व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने | वटा | - | १० | १० | १० | १० | १० |
| (११) | प्रादेशिक प्राविधिक विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्ने | पटक | - | - | - | - | १ | - |
| (१२) | अनौपचारिक रुपमा प्राप्त गरेको सीपलाई प्रमाणीकरण गर्न सहयोग गर्ने | संख्या | - | २०० | २०० | २०० | २०० | २०० |
| (१३) | पालिकास्तरमा घुम्ती टोली परिचालन गरी सीप तालिम सञ्चालन गर्ने | पालिका | - | - | २५ | २५ | २५ | २५ |
| (१४) | बागमती प्रदेश श्रम बजार सूचना प्रणाली (Bagamati Provience Labour Market Information System-BPLIMS) को निर्माण गरी सञ्चालनमा ल्याउने | पटक | - | - | १ | - | - | - |
| (१५) | सार्वजनिक सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने | पटक | - | - | १ | - | - | - |
| (१६) | श्रमसम्बन्धी विवाद समाधानका लागि सामाजिक संवाद कार्यक्रम पालीकास्तरमा आयोजना गर्ने | पालिका | - | २५ | २५ | २५ | २५ | १९ |
| (१७) | बालश्रममुक्त पालिका घोषणा अभियान सञ्चालन गर्ने | पालिका | - | २५ | २५ | २५ | २५ | १९ |
| (१८) | प्रदेश लगानी कोषको स्थापना गर्ने | पटक | - | - | १ | - | - | - |
| (१९) | प्रदेश महिला उत्थान कार्यक्रम सञ्चालन गर्ने | पटक | - | - | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (२०) | व्यवसायको निःशुल्क वीमा कार्यक्रम सञ्चालन गर्ने | संख्या | - | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| (२१) | अति विपन्न समुदायका विद्यार्थीहरुका लागि प्राविधिक शिक्षा छात्रवृत्ति सहायता प्रदान गर्ने | संख्या | - | - | २५०० | २५०० | २५०० | २५०० |
| (२२) | वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई मागका आधारमा आधारभूत सीप तालिम प्रदान | संख्या | - | २००० | २००० | २००० | २००० | २००० |
| (२३) | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि परीक्षणको रुपमा पुनःएकीकरण कार्यक्रम सञ्चालन गर्ने | पालिका | - | ५ | ५ | ५ | ५ | ५ |
| (२४) | बागमती प्रदेश वैदेशिक रोजगार पीडित राहत कोष स्थापना गरी सहयोग उपलब्ध गराउने | संख्या | - | - | २५०० | २५०० | २५०० | २५०० |
| (२५) | वैदेशिक रोजगार लक्षित आधारभूत सीप तालिमका लागि नमूना तालिम केन्द्र स्थापना गरी सञ्चालन गर्ने | संख्या | - | १ | १ | १ | १ | १ |
| (२६) | वैदेशिक रोजगारमा प्राप्त सीपमा आधारित उद्योग सञ्चालन गर्न चाहनेहरुका लागि उद्यमशीलता विकास तालीम सञ्चालन गर्ने | पटक | - | ५ | ५ | ५ | ५ | ५ |

**बागमती प्रदेश सरकार**

**श्रम, रोजगार तथा यातायात मन्त्रालय**

# श्रम तथा रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२

(मस्यौदा)

२०८२

# श्रम तथा रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२

**प्रस्तावनाः** बागमती प्रदेशको आर्थिक समृद्धीका लागि आन्तरिक रोजगारीको प्रवर्द्धन, व्यावसायिक तथा सीप तालिम एवं उद्यमशीलता विकास, असल श्रम सम्बन्धको विकास गरी उत्पादकत्वमा अभिवृद्धी र सुरक्षित, मर्यादित तथा लाभदायी वैदेशिक रोजगारीका लागि आवश्यक योगदान पुर्याउन श्रम तथा रोजगारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्न बाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ र बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० को नियम ५ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस निर्देशिकाको नाम "श्रम तथा रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) बागमती प्रदेश अन्तर्गतका सबै स्थानीय निकाय, सम्बद्ध सरकारी तथा गैरसरकारी एवं निजी क्षेत्र लगायत अन्य सबै सम्बद्ध सरोकारवालाहरुले यो निर्देशिकाको पूर्ण पालना गर्नुपर्नेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा –

(क) "**मन्त्रालय**" भन्नाले बागमती प्रदेश सरकार अन्तर्गत श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई सम्झनु पर्छ।

(ख) "**सरकारी निकाय**" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्तर्गतको कार्यालयलाई सम्झनु पर्नेछ ।

(ग) "**निर्देशक समिति**" भन्नाले यस कार्यविधिको दफा १३ बमोजिमको निर्देशक समितिलाई सम्झनु पर्दछ।

(घ) "**कार्यक्रम तथा अनुगमन समिति**" भन्नाले यस कार्यविधिको दफा १६ बमोजिमको अनुगमन तथा कार्यान्वयन समितिलाई सम्झनु पर्दछ।

(छ) "**प्रदेश**" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्दछ।

(ज) "**स्थानीय तह**" भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्दछ।

## परिच्छेद- २
## श्रम तथा रोजगारसम्बन्धी कार्यक्रम सञ्चालन

४. **कार्यक्रम संचालनः** (१) मन्त्रालयको श्रम तथा रोजगार नीति, २०८१ कार्यान्वयन प्रयोजन स्वीकृत ५ वर्षे रणनीतिक योजनाका आधारमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ -

(क) आन्तरिक रोजगार प्रवर्द्धन तथा नियमन,

(ख) व्यावसायिक सीप तथा उद्यमशीलता विकास,

(ग) सुरक्षित, मर्यादित तथा तुलनात्मक रुपमा बढी लाभदायी वैदेशिक रोजगारमा योगदान पुग्ने कार्यक्रमहरु,

(घ) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुका लागि पुनरएकीकरण,

(ङ) श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति क्षमता अभिवृद्धी,

(च) श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन,

(च) औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण,

(छ) कार्यस्थल सुरक्षा, कलकारखाना निरीक्षण तथा नियमन ।

(२) श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित संघीय कानुनहरुसँग नबाझिने गरी उपदफा (१) बमोजिमका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्नेछ ।

(३) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा मापदण्डहरु मन्त्रालयले तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेछ ।

५. **प्राथमिकताः** मन्त्रालयले कार्यक्रम तर्जुमा गर्दा देहायका विषयलाई प्राथमिकता दिनेछ -

(क) गुणस्तरीय र उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गर्दै आन्तरिक रोजगारीको प्रवर्द्धन,

(ख) आन्तरिक र वैदेशिक श्रम बजारको माग अनुरुपको व्यवसायिक सीप र उद्यमशीलता विकास तालिम,

(ग) श्रमको सम्मान, सबै प्रकारका श्रम शोषणको उन्मूलन र असल औद्योगिक श्रम सम्बन्धको प्रवर्द्धन,

(घ) श्रम तथा रोजगारी सम्बन्धी सेवा प्रवाहमा सुशासन प्रवर्द्धन,

(ङ)  वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको सामाजिक तथा आर्थिक पुनरएकीकरण ।

६. **आर्थिक स्रोत व्यवस्था** ; (१) कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले देहाय बमोजिम आर्थिक स्रोत व्यवस्था गर्नेछ -

(क)  संघीय बजेट तथा अनुदान,

(ख)  प्रदेश सरकारबाट प्राप्त रकम र सरकारी स्तरबाट गठित कोषबाट प्राप्त हुने रकम,

(ग)  दातृ निकाय, विकास साझेदार संस्थाहरु र निजी क्षेत्रबाट वित्तीय साझेदारी सम्झौता अन्तर्गत प्राप्त अनुदान ।

(२)  मन्त्रालयले उच्च प्राथमिकतामा राखेको कार्यक्रम कार्यान्वयन गर्न विशेष प्रादेशिक कोष खडा गर्न सक्नेछ ।

(३)  उपदफा (२) बमोजिमको कोष परिचालनका लागि मन्त्रालयले कोष परिचालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेछ ।

(३)  उपदफा (१) को (ग) र उपदफा (२) अन्तर्गतको स्रोत व्यवस्थाका लागि मन्त्रालयले संधीय अर्थ मन्त्रालय वा सम्बद्ध निकायहरुसँग समन्वय तथा सहमति लिनेछ ।

७. **मानवीय संसाधन व्यवस्था** : (१) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्था देहाय बमोजिम हुनेछ-

(क)  संघीय निजामति कर्मचारीहरु

(ख)  प्रदेश निजामती कर्मचारीहरु

(२)  कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि उपदफा (१) बमोजिमका जनशक्ती अपर्याप्त भएमा मन्त्रालयले प्रदेश सरकारलाई अतिरिक्त आर्थिक व्ययभार नपर्ने गरी करारमा कर्मचारीहरु नियुक्त गरी परिचालन गर्न सक्नेछ ।

८. **श्रम तथा रोजगार महाशाखाले समन्वय गर्ने** : कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन लगायत समग्र व्यवस्थापकीय कार्य मन्त्रालय अन्तर्गत रहेको श्रम तथा रोजगार महाशाखाले गर्नेछ ।

९. **लाभग्राहीहरुः** कार्यक्रमबाट देहाय बमोजिमका लाभग्राहीहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन्:

(क)  बेरोजगार युवा जनशक्ति,

(ख)  वैदेशिक रोजगारीवाट फर्किएका र उद्यमशीलता मार्फत् स्वदेशमै स्वरोजगार हुने चाहना भएका व्यक्तिहरु,

(ग) औद्योगिक प्रतिष्ठान र त्यहाँ कार्यरत श्रमिकहरु,

(घ) अनौपचारिक क्षेत्रमा कार्यरत् श्रमिकहरु ।

१०. **व्यावसायिक सीप तथा उद्यमशीलता विकास तालिमः** (१) व्यावसायिक तथा सीप विकास तालिम मार्फत् उद्यमशीलता विकास तथा आवश्यकता अनुसार क्षमता अभिवृद्धीका लागि मन्त्रालयले सम्बद्ध संघीय सरकारी निकायहरु, स्थानीय तह, निजी क्षेत्रका सीप तालिम प्रदायक संस्थाहरु, निजी क्षेत्र, विकास साझेदार संस्थाहरु लगायतका संस्थाहरुबाट सेवा प्राप्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिम सञ्चालनका लागि आवश्यक सेवा खरिद प्रकृया प्रचलित कानुन बमोजिम हुनेछ ।

११. **एकीकृत सूचना प्रणालीः** (१) प्रदेश अन्तर्गत श्रम तथा रोजगारको क्षेत्रमा संलग्न जनशक्ति लगायतको तथ्यांक र अन्य आवश्यक विवरणका लागि एकीकृत सूचना प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउनेछ ।

१२. **समन्वय तथा सहकार्यः** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकारका साथै सम्बद्ध निजी क्षेत्र, विकास साझेदार लगायत अन्य सम्बद्ध सबै सरोकारवाला निकायहरुसँग मन्त्रालयले समन्वय तथा सहकार्य गर्नेछ ।

(२) लागत साझेदारिताका आधारमा कार्यान्वयन गरिने कार्यक्रमहरुको हकमा मन्त्रालय र स्थानीय तहबीच अनुसूची-१ बमोजिमको सहमति गरिनेछ ।

## परिच्छेद-३
## समिति तथा उप समितिको गठन

१३. **निर्देशक समितिको गठन :** (१) कार्यक्रमको समग्र दिशा निर्देशन गर्न देहाय बमोजिमको एक निर्देशक समितिको गठन हुनेछ ।

(क) मन्त्री, श्रम, रोजगार तथा यातायात मन्त्रालय - अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (श्रम हेर्ने) - सदस्य

(ग) सचिव, श्रम, रोजगार तथा यातायात मन्त्रालय - सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(ज) प्रदेश अन्तर्गतका स्थानीय तहका प्रमुखमध्येबाट मन्त्रालयले मनोनयन गरेका २ जना प्रतिनिधि - सदस्य

(झ) प्रदेशस्तरीय घरेलु उद्योग बाणिज्य महासंघको रोजगार परिषद् वा

रोजगार हेर्ने समितिको संयोजक वा प्रतिनिधि - सदस्य

(ञ) घरेलु तथा साना उद्योग महासंघ प्रदेशस्तरीय समितिले तोकेको १ जना प्रतिनिधि - सदस्य

(ट) संयुक्त ट्रेड युनियन समन्वय समितिबाट मनोनित १ जना प्रतिनिधि - सदस्य

(ठ) महाशाखा प्रमुख, श्रम, रोजगार तथा यातायात मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको अध्यक्षले आवश्यक ठानेमा सम्बद्ध विषयविज्ञ वा सरोकारवालाको रुपमा कुनै व्यक्ति वा संस्थालाई वैठकमा आमन्त्रित सदस्यको रुपमा वोलाउन सक्नेछ ।

१४. **बैठक सम्वन्धि व्यवस्थाः** (१) निर्देशक समितको बैठक कम्तीमा पनि प्रत्येक तीन महिनामा एक पटक बस्नेछ ।

(२) निर्देशक समितीको वैठकको कार्यविधि समिति स्वयंले निर्धारण गरे वमोजिम हुनेछ ।

१५. **निर्देशक समितिको काम,कर्तब्य र अधिकारः** (१) निर्देशक समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) श्रम तथा रोजगार नीति एवं पाँच वर्षे रणनीतिक योजनाका आधारमा तयार गरिने वार्षिक कार्यक्रममा पृष्ठपोषण प्रदान गर्ने ।

(ख) मन्त्रालयको श्रम तथा रोजगारसम्बन्धी वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा सहजीकरण गर्ने ।

(ग) श्रम तथा रोजगारसम्बन्धी कार्यक्रमको त्रैमासिक प्रगति समीक्षा गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयनका लागि संघ तथा स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयनको चरणमा देखिएका कानुनी अड्चन फुकाउन सम्बद्ध निकायसँग समन्वय गर्ने ।

(च) प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकायलाई सुझाव सहित निर्देशन दिने ।

(छ) वार्षिक समीक्षा तथा मूल्यांकन गरी आगामी कार्यक्रम तर्जुमाका लागि आवश्यक सुधारका लागि निर्देशित गर्ने ।

(२) मन्त्रालय अन्तर्गत श्रम तथा रोजगार महाशाखाले निर्देशक समितिको सचिवालयको कार्य गर्नेछ ।

**१६. अनुगमन तथा कार्यान्वयन समिति**: (१) श्रम तथा रोजगारसम्बन्धी कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमनका लागि देहाय बमोजिमका अनुगमन तथा कार्यान्वयन समिति गठन हुनेछ -

| | | | |
|---|---|---|---|
| (क) | सचिव, श्रम, रोजगार तथा यातायात मन्त्रालय | - | अध्यक्ष |
| (ख) | प्रमुख, श्रम तथा रोजगार महाशाखा | - | सदस्य |
| (ग) | प्रमुख, प्रशासन महाशाखा | - | सदस्य |
| (घ) | प्रमुख, लेखा शाखा | - | सदस्य |
| (ङ) | शाखा प्रमुख, श्रम तथा रोजगार महाशाखा | - | सदस्य सचिव |

(२) समितिले आफु स्वयंबाट मात्र अनुगमन तथा सुपरिवेक्षण गर्न समय, प्रविधि तथा जनशक्तिको आभाव रहेको खण्डमा विज्ञ सेवा प्रदायक नियुक्ति गरी परिचालन गर्नेछ ।

**१७. समितिको काम, कर्तब्य र अधिकार** : अनुगमन तथा कार्यान्वयन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) वार्षिक कार्यक्रम कार्यान्वयन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ख) कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुको नियमित सुपरिवेक्षण र अनुगमन गरी सो को प्रतिवेदन निर्देशक समितिको नियमित समीक्षा वैठकमा पेश गर्ने ।

(ग) सेवा प्रदायकहरुवाट सम्पादित कार्यहरुको प्रतिवेदन मस्यौदा उपर सुझाव प्रदान गर्ने र अन्तिम प्रतिवेदनहरुको अभिलेखीकरण गर्ने वा गर्नका लगि आवश्यक व्यवस्था गर्ने गराउने ।

(घ) सेवा प्रवाहमा सुधारका लागि आवश्यक श्रोतको व्यवस्थापन तथा परिचालनका लागि निर्देशक समिति समक्ष सुझाव पेश गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयनको त्रैमासिक प्रगति समीक्षा गर्ने ।

(च) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तह, सम्बद्ध सरकारी, गैरसरकारी, निजी क्षेत्र लगायत अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहजीकरण गर्ने ।

(२) अनुगमन तथा कार्यान्वयन समितीको वैठकसम्बन्धी कार्यविधि समिति स्वयंले निर्धारण गरे वमोजिम हुनेछ ।

(३) समितिले कार्यक्रमको अनुगमनसम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

१८. **सेवा सुविधा :** (१) निर्देशन समिति र अनुगमन तथा कार्यान्वयन समितीको बैठक लगायत अन्य खर्चहरु प्रदेशको सार्वजनिक खर्च मापदण्ड, २०७८ अनुसार हुनेछ ।

(२) कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रयोजन कुनै स्थानको भ्रमण गर्नु परेमा नियमानुसारको दैनिक भ्रमण भत्ता समितिका पदाधिकारी र सदस्यहरुलाई उपलब्ध हुनेछ ।

(३) विज्ञ परिचालन खर्च प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम हुनेछ ।

१९. **स्थानीय तहमा कार्यक्रम कार्यान्वयनको व्यवस्था :** (१) प्रदेश अन्तर्गतका स्थानीय तहले कार्यक्रम कार्यान्वयन प्रयोजन आफू अन्तर्गतका सम्बन्धित शाखालाई जिम्मेवारी दिन सक्नेछ ।

(२) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले निर्णय गरी उपदफा (१) बाहेक छुट्टै कार्यक्रम कार्यान्वयन ईकाईको व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने ईकाईको काम, कर्तव्य, अधिकार तथा सुविधा स्थानीय तहले तोकी दिए बमोजिम हुनेछ ।

## परिच्छेद -४
## कार्यान्वयन तथा ब्यवस्थापन

२०. **कार्यक्रम कार्यान्वयन सम्झौता** : (१) मन्त्रालयले स्थानीय तहसँग सशर्त वा निशर्त बजेट सहित वा आपसी सहमतिका आधारमा लागत साझेदारी सहितको कार्यक्रम कार्यान्वयनका लागि आपसी सहमति गरी कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२) कार्यक्रम कार्यान्वयनका लागि विकास साझेदार, निजी क्षेत्र लगायत अन्य सम्बद्ध निकायहरुको छनौट तथा परिचालनका लागि प्रचलित कानुनको अधिनमा रही मन्त्रालयले छुट्टै कार्यविधि वा मापदण्ड स्वीकृत गरी सम्झौता गर्नेछ ।

२१. **परामर्श सेवा लिन सकिने :** (१) कार्यक्रम कार्यान्वयनको चरणमा विज्ञ परामर्शदाताको सेवा आवश्यक परेमा मन्त्रालयको स्वीकृतिमा सम्बद्ध विषयविज्ञको सेवा लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको परामर्श सेवाका लागि आवश्यक छनौटको मापदण्ड तथा सेवा, शर्त र सुविधाहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-५
## विविध

२२. **निर्देशिका पालना गर्नुपर्ने :** (१) यस निर्देशिका अन्तर्गत गठित समितिहरु, स्थानीय तह, कार्यान्वयन चरणमा सहभागी सबै सरकारी तथा गैरसरकारी तथा निजी क्षेत्रहरुले कार्यक्रम संचालनको क्रममा यो निर्देशिकाको पूर्ण पालना गर्नु पर्नेछ ।

(२) निर्देशिका विपरित क्रियाकलाप सञ्चालन भएको पाईएमा प्रचलित नियमानुसार कारबाही प्रकृया अगाडी बढाईनेछ ।

(३) उप दफा (२) बमोजिम निर्देशिका विपरित कार्य भएको प्रमाणित भएमा सम्झौता भङ्ग गरी अनुदान बजेट निकासा रोक्का गरिनेछ र अनुदान रकम सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।

२३. **बाधा अड्काउ फुकाउने :** यो निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने छ ।

२४. **संशोधन गर्न सक्ने :** मन्त्रालयले यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

# सहमति पत्रको ढाँचा

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

यस बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र ……………………… गाउँ/नगरपालिका (यसपछि दोस्रो पक्ष भनिने) बीच मन्त्रालयको आ.ब. ……………………… मा स्वीकृत श्रम तथा रोजगारसम्बन्धी निम्न कार्यक्रम देहाय बमोजिम हुने गरी कार्यान्वयन गर्न दुबै पक्षबीच सहमती भै यो सहमति पत्रमा हस्ताक्षर गरिएको छ ।

| | | |
|---|---|---|
| १ | **आ.ब.** | |
| २ | **ब.शि.नं** | |
| ३ | **कार्यक्रमको नाम** | |
| ४ | **लक्षित वर्ग, जात-जाति, महिला-पुरुष र संख्या** | |
| ५ | **कार्यक्रमको उद्देश्यहरु** | |
| ६ | **अपेक्षित उपलब्धीहरु** | |
| ७ | **कार्यक्रम अवधि** | |
| ८ | **सशर्त वा निशर्त** | |
| ९ | **प्रथम पक्षको जिम्मेवारी** | लागत साझेदारी भएमा सो समेत खुलाउने |
| १० | **दोस्रो पक्षको जिम्मेवारी** | |
| ११ | **अन्य**<br>• **लेखापरीक्षण**<br>• **विवाद समाधान** | |

| | | |
|---|---|---|
| | • **कार्यक्रम सम्पन्न प्रतिवेदन लगायत अन्य आवश्यक कुराहरु** | |

श्रम तथा रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को अधिनमा रही माथि उल्लिखित बमोजिम हुने गरी कार्यक्रमको कार्यान्वयन गर्न हामी दुबै पक्ष सहमत भै यो सहमति पत्रमा हस्ताक्षर गरेका छौं ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| मितिः | मितिः |
| छापः | छापः |

ईति सम्बत्      महिना      गते      रोज्      शुभम ।